# तीन वर्षका उपलब्धि *

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका ठुल्ठुला परकम्पहरूले विनाश गरेका थुप्रै संरचनाहरू र निजी आवासहरूको पुनर्निर्माण गर्ने काम सम्पन्न हुँदै गएका छन्। पुनर्निर्माण प्राधिकरणमार्फत सम्पन्न भइरहेका यी कामहरूका क्रममा ऐतिहासिक र प्रमुख प्रशासकीय भवनको रूपमा चिनिएको सिंहदरबारको पुनर्निर्मित यस भवनको उद्घाटन गरेका छौँ। यो भवन पुनःसञ्चालनमा आएको छ। यस अवसरमा म खुसी व्यक्त गर्न चाहन्छु र पुनर्निर्माण प्राधिकरणलाई विशेष धन्यवाद भन्न चाहन्छु।

मेरो नेतृत्वमा सरकार गठन भएको आजबाट १ हजार ९३ दिन अर्थात् ३ वर्ष पूरा भएको छ। आज हामी प्रतिनिधिसभा विघटन भएको र नयाँ निर्वाचनको मिति तोकिएको विशेष परिस्थितिमा 'प्रेस ब्रिफिङ' गर्दैछौँ। त्यसैले वर्तमान सरकारले यस अवधिमा गरेका कामको



* वर्तमान सरकारले तीन वर्ष पूरा गरेको अवसरमा भएको 'प्रेस ब्रिफिङ', ३ फागुन २०७७


NTV

सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुअघि सङ्क्षिप्तमा भएपनि प्रतिनिधिसभा विघटन किन गर्नुपर्‍यो भन्ने चर्चा गर्न आवश्यक ठान्दछु।

सुरुदेखि नै सरकार सञ्चालनमा केही अप्ठ्याराहरू त थिए नै। विभिन्न ढङ्गले काममा व्यवधान खडा गरिएकै थियो। खासगरी पछिल्लो एक वर्षदेखि झन्डै दुई तिहाइ सांसदको समर्थन प्राप्त यस सरकारले कामको सन्दर्भमा विभिन्न दलको गठबन्धन सरकारले जस्तो नियति बेहोर्नु पर्‍यो। एकातिर जनताको उच्च आकाङ्क्षा सम्बोधन गर्नुपर्ने, अर्कोतिर आफ्नै खुट्टामा अल्झिएर अलमलिए झैँ सरकारले काम गर्नै नपाउने अवस्था सिर्जना भयो।

झन्डै ३ वर्षदेखि संवैधानिक आयोगहरू पदाधिकारीविहीन थिए; जुन कुरा जगजाहेर छ। नियुक्ति, प्रक्रियामै जान पाइँदैन, अवरोध भइहाल्छ। संसदलाई 'बिजनेस' सरकारले दिने हो। २०७४ फागुनदेखि यता संसदमा पेस भएका कैयौँ विधेयक 'हाउस' मा छलफलमा लगिएनन्। बल्लतल्ल संसदीय समितिमा पुगेका विधेयकहरू अनावश्यक छलफलकै गोलचक्करमा फसिरहेका छन्, फसाइएको छ। सरकारले निर्णयका लागि सदनमा पेस गरेका प्रस्तावहरू समेत निर्णयार्थ प्रस्तुत गरिँदैनन्। राजदूत खाली छन्, नियुक्त गर्न दिइन्न। संवैधानिक अङ्गमा केही गरी कसैको सिफारिस भइहाले कचिङ्गल मच्चाइन्छ र आफ्नै दलका सदस्यले संसदीय सुनवाइ समितिमा नियुक्ति अड्काउँछन्। यहाँसम्म कि, 'सनसेट ल' को रूपमा प्रस्तुत गरिएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको 'शीघ्र निर्माण' का लागि मस्यौदा गरिएको 'विकास सम्बन्धी विधेयक' र 'सार्वजनिक खरिद ऐनलाई संशोधन गर्ने विधेयक' लाई समेत अल्मल्याई सार्वजनिक सेवा प्रवाहमा अवरोध पुर्‍याई विकासको गति नै अवरूद्ध गरिन्छ। सरकारी निकायका कतिपय कार्यकारी पदमा अनुपयुक्त पात्र अघि सार्ने वा नियुक्ति नै हुन नदिनेगरी एक किसिमले भन्ने हो भने समानान्तर सत्ता सञ्चालनको अभ्यास गरियो। सकेसम्म

अल्मल्याउने, अल्मल्याउन नसके निहुँ खोजेर कामै गर्न नदिने तहमा आफ्नै दलका साथीहरू उत्रिनुभयो। एउटा दुःखपूर्ण स्थिति रह्यो।

यद्यपि, नेकपाको शीर्ष तहमा रहेका केही नेताहरूको अतृप्त आकाङ्क्षा र कुण्ठाको बाछिटा व्यवस्थापिकामा नपरोस् भन्नेमा म हरदम सतर्क रहेकै हुँ। एकवर्ष अघिदेखि 'समयभन्दा अगावै' निर्वाचनको बाटोमा हिँड्न नपरोस् भनेर अनेकौँ लाञ्छना सहेरै अप्ठ्यारो परिस्थितिलाई अन्यत्र मोड्ने प्रयास गरेको पनि हुँ। गठबन्धन सरकारको अर्को कुनै समूहले झैँ, आफ्नै पार्टीका अध्यक्ष एवम् प्रधानमन्त्री विरुद्ध अचानक निराधार र झुटा फौजदारी अभियोगपत्र छापेर देशभरि वितरण गरी पृथक बाटोबाट सरकारमाथि हमला गर्ने, सके विस्थापन गर्ने बाटोमा हिँड्न तम्सिरहेका नेताहरूलाई सम्झाउने र स्थितिलाई परिवर्तन गर्ने, स्थितिलाई सकारात्मक बनाउने प्रयास लगातार गरिरहेँ। गत पुस ५ गते २ बजे विघटनको सिफारिसमा हस्ताक्षर हुनु अगाडिसम्म; त्यस्ता झुटा अभियोगका कुराहरू नगरौँ, निराधार झुटा आरोपकासाथ खुइल्याउने प्रयास नगरौँ र स्वस्थ ढङ्गले पार्टी पनि चलाऔँ, स्वस्थ ढङ्गले सरकार पनि चलाऔँ भनेर मैले प्रयास गरेँ। पुस ५ गतेसम्म, ५ गतेको पनि अपरान्हसम्म मैले लगातार प्रयास गरिरहेँ।

प्रतिनिधिसभा विघटनको सिफारिस गर्नुअघि मैले धेरै पटक सोचेँ र विघटन गर्नु नपरोस् भनेर प्रयास पनि गरेँ। मैले सोचेँ कि विद्यमान अवस्थामा वैकल्पिक सरकारको सम्भावना छ त? हिसाब गरेँ - 'प्रतिनिधिसभाका करिब ६४ प्रतिशत सदस्यद्वारा समर्थित, समर्थितमात्रै होइन, त्यति सङ्ख्या रहेको दलको म निर्विरोध नेता र सर्वसम्मत प्रधानमन्त्री। संसदीय दलमा मेरा विरुद्ध चर्चा, विपरीत चर्चा, आलोचना केही पनि छैन। पार्टीमा केही व्यक्तिहरू भित्र गाँइगुइँ, सानो सङ्ख्याको एउटा गाइँगुइँ, आलोचना र टिप्पणी, एकजना व्यक्तिले एउटा झुटो लाञ्छनाको पत्र पेश गरेको बाहेक अरू केही छैन। संसदीय दलमा मेराविरुद्ध कुनै उजुरी छैन। उजुरी नभएको मात्रै होइन, संसदीय दलका

सदस्यहरूबाट कुनै समस्या पऱ्यो अथवा बैठक गर्नुपऱ्यो भन्ने कुनै माग पनि भएको छैन। त्यस्तो माग संसदीय दलका उपनेतासँग पनि आएको छैन। प्रमुख सचेतक, मुख्य सचेतक अथवा सचेतकसम्म पनि आएको छैन र संसदीय दलमा मात्र होइन पार्टी कमिटीमा समेत संसदीय दलको नेता बदल्ने मागसम्म उठेको छैन। संसदीय दलको नेता फेर्न सम्भव पनि थिएन। यस्तो अवस्थामा नेकपाभन्दा बाहिरबाट जहाँ ३६ प्रतिशत जस्तो सङ्ख्या रहन्छ, त्यो सङ्ख्या जतिपटक गनेपनि ५१ प्रतिशत त पुग्दैन। ३६ प्रतिशत भनेको ३६ प्रतिशत नै हो। वैकल्पिक सरकारको कतै सम्भावना छैन। त्यस्तो अवस्थामा बेठिक ढङ्गले, अस्वस्थ ढङ्गले अगाडि बढ्ने कुरा एउटा विग्रहको बाटो रोज्नु हो, जसले तपाईँ/हामीले आर्जन गरेको राजनीतिक प्रणाली र त्यस प्रणालीले माग गर्ने र माग गरिरहेको स्थिरता अनि स्थायित्व जोगिने सम्भावना हुँदैनथ्यो। यदि मैले विघटनको बाटो नगएर अरू अस्वस्थ बाटोलाई खुला गरिदिने हो भने एउटा एकीकृत पार्टी नरहने, कसैँसँग बहुमत नरहने, विभिन्न समीकरणका खेलहरू सुरु हुने, अनेक प्रकारका खेलहरू सुरु हुने र देश अस्थिरतातिर जाने सम्भावनाहरू देखापरे। फेरि उही ६-८ महिनामा सरकार परिर्वतन हुने, त्यसको निरन्तर, अनियन्त्रित शृङ्खला सुरु हुने र राष्ट्रिय राजनीति त्यसै बाटोमा धकेलिने सम्भावना थियो। त्यसबाट देशलाई जोगाउनु आवश्यक र जरुरी थियो।

त्यसैले, प्रतिनिधिसभाको बाँकी कार्यकाललाई 'राजनीतिक अस्थिरताको खेल मैदान' बनाउने कि अर्को विकल्पमा जाने? प्रधानमन्त्रीको हैसियतले मेरा सामु धेरै विकल्प थिएनन्, दुईवटा मात्रै विकल्प थिए। कि मैले राष्ट्रिय राजनीतिलाई अस्वस्थ फोहोरी खेलतर्फ जान दिन मञ्जुर गर्नुपर्दथ्यो कि हामीले प्राप्त गरेका उपलब्धिहरूको रक्षा गर्दै, ती उपलब्धिहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै स्थिरता, स्थायित्वको बाटोबाट र खासगरी जनताको अभिमतबाट निर्णय गर्ने, अँध्यारो कुनाको षड्यन्त्रबाट र केही व्यक्तिका साँठगाँठबाट राष्ट्रिय राजनीतिलाई प्रदूषित हुने बाटोतर्फ जान नदिएर जनताको जनमत

र ताजा जनादेशबाट अगाडि बढाउनु पर्ने आवश्यकता थियो। गत निर्वाचनमा जनतालाई 'विजयी भएँ भने, मेरो नेतृत्वको गठबन्धनलाई सरकार सञ्चालन गर्नेगरी जनमत प्राप्त भयो भने राजनीतिक अस्थिरता रोक्छु, राजनीतिक स्थायित्व कायम गर्दै विकास र समृद्धिको बाटोमा देशलाई अगाडि बढाउँछु' भन्ने मेरो प्रतिबद्धतालाई मैले सम्झिएँ। अनि मैले विगतमा भएका 'विश्वास, अविश्वास, विभाजन र समीकरण, लेनदेन आदिका अस्वस्थ खेल' को एउटा सिलसिला सम्झिएँ। त्यसले सिर्जना गर्ने अस्थिरता र अस्वस्थ बाटोतर्फ देशलाई लैजान मिल्दैनथ्यो, जान दिनै हुँदैनथ्यो। एकातिर प्रतिनिधिसभाबाट अर्को सरकार बन्ने विकल्प थिएन र छैन। अर्कातिर एउटै दलको लगभग ६४ प्रतिशतको मजबुत सरकारलाई आफ्नै दलभित्रका आफ्नै सहकर्मीहरूले चल्नै नदिने खालको स्थिति थियो। त्यस्तो विडम्वनापूर्ण जटिल अवस्थामा राष्ट्रप्रति जिम्मेवार हुँदै फेरि जनताका बिचमा जानुबाहेको विकल्प थिएन। जनताले सुम्पिएको बहुमतको सरकारको जिम्मेवारीमा केही प्रवृत्तिहरू देखापरे जुन हिजो गरेका कबुलभन्दा पृथक थिए। ती कबुल पूरा गर्न सकिने अवस्था नभएपछि जनताले मेरो अगुवाई, मेरो नेतृत्व र मेरा पहलहरूमाथि देखाएको विश्वास जोगाउन व्यवधानकारीहरूलाई असफल पार्दै फेरि जनतामा जानु आवश्यक थियो। यहाँहरूले दिनुभएको जुन विश्वास थियो, त्यो विश्वास कार्यान्वयन गर्न दिइएन। तपाईँहरूले जुन जिम्मेवारी दिनुभएको थियो, त्यो जिम्मेवारी पूरा गर्न दिइएन। तपाईँहरूका अगाडि मैले जुन कबुल गरेको थिएँ, त्यो कबुल पूरा गर्न दिइएन। त्यसकारण म पुनः जनताको बिचमा जानुपर्छ, ताजा जनादेश लिनुपर्छ भन्ने निर्णयमा पुगेँ र एउटा नयाँ कदम चालेँ।

प्रतिनिधिसभा विघटनको सिफारिसलाई 'संविधान विपरीत, जनादेशको अवहेलना, प्रतिगमन...' जस्ता आपत्तिजनक आरोप लगाइएको पनि सुनेको छु। मलाई उदेक लाग्छ – साथीहरू के वास्तवमै बहस गर्दै हुनुहुन्छ? वा लाञ्छनामात्रै थुपार्न चाहिरहनु भएको छ? उहाँहरू केलाई प्रतिगमन भनिरहनु भएको छ? के हो प्रतिगमन भनेको? निर्वाचन

प्रतिगमन हो? निर्वाचन हुँदा बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली समाप्त हुन्छ? यो हामीले रोजेको प्रणाली होइन? कथंकदाचित संसद चल्न सकेन, संसदले राम्ररी 'फङ्सन' गर्न सकेन वा सरकारलाई काम गर्न दिइएन भने गर्ने के त? देशलाई अस्वस्थ राजनीतिको गोलचक्करमा फसिरहन दिने? जनताका बिचमा जान परेन? जनताका बिचमा जाँदा, जनादेशका लागि जाँदा यदि प्रतिगमन हुन्छ भने कमसेकम डेढ दुई वर्षपछि चुनाव त आउँछ नै, प्रतिगमन रोक्न सकिने त भएन। हाम्रो प्रणालीले चुनाव त गराउँछ। चुनाव गराउने बित्तिकै प्रतिगमन हुन्छ भने त फेरि प्रतिगमन त हुने नै भयो। के अहिले हामी संविधानले कोरेका प्रणालीका सीमाभन्दा बाहिर गएका छौँ? त्यसभन्दा पछि हटेका छौँ? के हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र त्यसले अङ्गीकार गरेको सामाजिक-सांस्कृतिक मूल्यमान्यताका विरुद्धमा छौँ? के हामी जनतासँग मत माग्ने र उनीहरूले चुनेका प्रतिनिधिबाट शासन सञ्चालन गर्ने बाटो भन्दा अलग बाटोमा हिँड्दै छौँ? कि चुनाव गर्दा अलग बाटोमा हिंडियो? कि मैले अब चुनाव गराउन्न, अब म सधैँ शासनमा बसिरहन्छु भनेँ? म भनिरहेको छु - वैशाख १७ र २७ गते चुनाव गराउँछु। निर्वाचन आयोग त्यसको तयारीमा लागिराखेको छ। कुनै हालतमा चुनाव गराउँदैन भनेर उहाँहरू राजनीति गर्नुहुन्छ कि ज्योतिषशास्त्र पढ्नुहुन्छ? जन्मकुण्डली पल्टाउनु हुन्छ कि राजनीति गर्नुहुन्छ उहाँहरू? कस्तो भविष्यवाणी हो उहाँहरूको चुनाव हुँदैन भन्ने? हामी कोही उल्टोतिर फर्केका छैनौँ भने संविधानको रक्षा हाम्रो प्रतिबद्धता हो। त्यसको सृजनात्मक कार्यान्वयन हाम्रो प्रतिबद्धता हो। प्रणालीको रक्षा हाम्रो प्रतिबद्धता हो। सुदृढीकरण हाम्रो प्रतिबद्धता हो अनि त्यसको व्यावहारिक कार्यान्वय गर्दै, त्यसमा आइपरेका व्यवधानहरू फुकाउँदै, लोकतन्त्रलाई सुदृढ गर्दै देशमा स्थिरता र स्थायित्व कायम गर्दै लोकतन्त्रको बाटोमा अगाडि बढ्छौँ, जनताको आदेश र अभिमतबाट अगाडि बढ्छौँ भने प्रतिगमन भयो कसरी? विगतमा छलछाम गरीगरी आफ्नो सरकारको आयु लम्ब्याउने गरिन्थ्यो। म इतिहासका घाउहरू कोट्याउनेगरी जान चाहन्न। विगतमा सरकार ढाल्न के-के गरिए, सरकार

बनाउन र टिकाउन के-के गरिए? म त्यतापट्टिट धेरै जान चाहन्न। अहिले त्यस्ता प्रकारका अस्वस्थ खेलहरू होइन, जनताका बिचमा ताजा जनादेशका लागि जाने बाटो अबलम्वन गरिएको छ। अस्वस्थ खेल गरिएको छैन। अस्वस्थ बाटो अबलम्वन गरिँदैन। अलोकतान्त्रिक बाटो हिँडिदैन। लोकतन्त्रका अभ्यास र आचरण विपरीतका क्रियाकलाप गरिँदैन। अहिले लोकतन्त्रको मूलमर्म जनतामा निहित सार्वभौमसत्ता हो। लोकतन्त्रको वास्तविक कार्यान्वयनमा कठिनाइ भयो, अप्ठ्यारो आयो र लोकतन्त्रलाई फेरि अनुचित बाटोतर्फ फर्काउन खोजियो भने त्यसलाई रोक्नका लागि जनता नै अग्रसर हुनुपर्छ। सार्वभौमसत्ता सम्पन्न जनताका बिचमा गएपछि जनताले नै रोक्न सक्छन्। जनताभन्दा माथि कोही छैन। सम्पूर्ण राज्यशक्तिका स्रोत जनता हुन्। त्यही फैसला लिएर म जनताका बिचमा जान चाहन्छु। जनताका बिचमा जान्छु भन्दा प्रतिगमन कसरी भयो? म सरकारमा टाँसिरहन खोज्छु भनेको छैन। त्यसरी सत्तामा टाँस्सिइरहन खोज्नु पो अलोकतान्त्रिक हुन्छ। जनताका बिचमा जानु कसरी अलोकतान्त्रिक र प्रतिगमन हुन्छ? मैले तपाइँहरूंले दिनु भएको महत्वपूर्ण जनमतबाट जुन परिणाम प्राप्त गरौँला भन्ने थियो, केही तत्वहरूले त्यो परिणाम प्राप्त गर्न दिएनन्। त्यतापट्टि हिँड्ने कुरामा व्यवधान खडा गरे। यसको न्याय जनताले गर्छन्।

यो राजनीतिक मुद्दा हो, राजनीतिक मामिला हो। यो देवानी वा फौजदारी प्रश्न होइन। यो राजनीतिक प्रश्न भएको हुनाले यसको निरूपण सार्वभौमसत्ता सम्पन्न जनताले गर्छन्। राज्यशक्तिका स्रोत जनता नै हुन्। त्यसकारण त्यो नतिजा दिन नसकेको हुनाले मैले पुनः जनताका बिचमा जाने निर्णय गरेँ र स्वाभाविक रूपमा अब आउने निर्वाचनले प्रतिनिधिसभाको अन्तर्यमा अवश्यनै भिन्नता ल्याउने छ। अहिलेको आतङ्क त्यही हो। अहिलेको त्रास त्यही हो। अहिलेका कुतर्कहरूको स्रोत त्यही हो। हिजो जुन विघटित प्रतिनिधिसभा थियो, जसलाई ठिक ढङ्गले अगाडि बढ्न दिइएन। प्रतिनिधिसभा, प्रतिनिधिसभा नै रहन्छ तर अन्तर्यमा परिवर्तन आउँछ र त्यसमा अहिलेका अनुभवहरूलाई

लिएर सार्वभौमसत्ता सम्पन्न महान् जनताले परिवर्तन ल्याउने छन्। यो प्रतिगमन हुन्छ? प्रणालीमा सुधार भनेको यही हो। प्रणालीमा आउने परिपक्वता भनेको यही हो। परिपक्वता यसबाट आउँछ। त्यसकारण मैले अघिल्लो जनादेश उपयुक्त जनादेश नै थियो तर जनादेशबाट आएका व्यक्तिहरू, पात्रहरू उपयुक्त भएनन् जसले गर्दा पुनःनिर्वाचनमा गएर पात्रहरूको छनोट गर्नुपऱ्यो। निर्वाचनको अर्थ हो नयाँपात्रको छनोट गर्नु। यो संविधानको रक्षा, यसको सृजनात्मक कार्यान्वयन, यस प्रणालीको रक्षा, यसको सुदृढीकरण र यसको व्यावहारिक कार्यान्वयनका कुराहरू नै प्रणालीमा क्रमिक सुधार हुन्। संरचनाहरू तिनै हुन् तर संरचनाको अन्तर्वस्तुमा भिन्नता आवश्यक छ। त्यसकारण मैले नयाँ जनादेश पाऊँ भनेर जनतामा अपिल गर्ने अठोट गरेको हुँ र त्यसअनुसार सिफारिस गरेर प्रतिनिधिसभा भङ्ग भएको हो। यो जनादेशको अवहेलना होइन। जनादेशप्रतिको सम्मान हो र जनताका अगाडि नतमस्तक भएर नयाँ जनादेशका लागि जाने कुरा हो। यहाँ त कस्तो परिपाटी भयो भने निर्वाचनमा पराजित हुने, उही पराजित व्यक्ति फेरि झ्यालबाट, जस्केलाबाट छिरेर प्रधानमन्त्री हुने। जुन निकायमा ढोका बन्द गरियो, जनताले पराजित गरे उही व्यक्ति जस्केलाबाट छिरेर अस्वस्थ खालका गतिविधि र क्रियाकलापबाट प्रधानमन्त्री बन्ने। विगतका ती कुराहरूलाई सम्झी–सम्झीकन अहिले पनि त्यो अस्वस्थ क्रियाकलापको प्रेतचाहिँ फर्कीफर्की आयो। त्यसका लागि र सधैँका लागि त्यो ढोका बन्द गर्नु आवश्यक थियो। त्यस्तो आकाङ्क्षा राख्नु र त्यस्तो आकाङ्क्षाका लागि अनुचित हर्कत गर्नु, त्यो चाहिँ अलोकतान्त्रिक हो। जनताका बिचमा जाने कुरा अलोकतान्त्रिक होइन।

पार्टीमा आन्तरिक प्रतिस्पर्धाहरू हुन्छन्, पराजित भएपछि एउटा कार्यकालसम्म एक अवधिसम्म त्यस पराजयलाई स्वीकार गर्नुपर्छ र विजयी हुनेलाई सहयोग गर्नुपर्छ, त्यो लोकतान्त्रिक मूल्य–मान्यता हो। तर, विजयी हुनेलाई काम गर्न नदिने, असहयोग गर्ने, पराजित भएको जुन ठाउँ हो, त्यही ठाउँ मलाई चाहियो भनेर विभिन्न

प्रकारका अस्वस्थ, अवाञ्छित गुटबन्दीका क्रियाकलापहरू गर्ने, विभिन्न प्रकारका समीकणहरू गर्ने, आफू र आफ्ना स्वार्थलाई केन्द्रभागमा राखेर लोकतान्त्रिक प्रणालीका मूल्य–मान्यताहरूलाई धरापमा पार्ने कुरा कदाचित उचित हुन सक्दैन। त्यसकारण ताजा जनादेशका लागि निर्वाचनको बाटो रोज्नु विधिसम्मत हो, संविधानसम्मत हो र यो पद प्राप्तिका लागि अवाञ्छित हर्कत होइन। यो प्रणालीको रक्षाका लागि जरुरी कदम हो। हामी संविधानले निर्दिष्ट गरेको बाटो र लोकतान्त्रिक मूल्य–मान्यतालाई अबलम्वन गर्ने बाटो हिँड्नुपर्छ। गुटबन्दी, जालझेल, षड्यन्त्र, तिकडम जस्ता कुरा लोकतान्त्रिक मूल्य–मान्यता होइनन्। लोकतान्त्रिक मूल्य–मान्यता, लोकतान्त्रिक विधि–पद्धति प्रक्रियाबाट अगाडि बढ्नुचाहिँ लोकतन्त्रको मर्म हो।

त्यसैकारण निर्वाचन लोकतान्त्रिक प्रणालीको जीवन हो। लोकतन्त्रमा निर्वाचनले राष्ट्र वा पार्टीहरूलाई विभाजन गर्दैन, एक बनाउँछ। सही र गलतबिच प्रतिस्पर्धा गराउँछ। पार्टीहरूलाई आ–आफ्नो एजेन्डामा एकताबद्ध भएर अगाडि बढ्न प्रेरणा दिन्छ। निर्वाचनको घोषणापछि एकजुट भएर अझ सुदृढ एकताका साथ अघि बढ्न पर्नेमा विभिन्न निहुँ र बहाना बनाएर, विभिन्न अस्वस्थ खेलहरू खेलेर, विभिन्न भ्रमका खेती गरेर पार्टीलाई नै विभाजित गर्ने र कमजोर बनाउने कुरा अपराधपूर्ण हो। निर्वाचन घोषणा हुँदासम्म स्वार्थहरू थिए होलान् मान्छेका। व्यक्तिगत स्वार्थहरू होलान्, उद्देश्यहरू होलान्। ती प्राप्त गर्ने उचित अनुचित प्रयास पनि भए होलान्। तर, निर्वाचन घोषणा भइसकेपछि पार्टी त एकजुट भएर, चुनावी घोषणापत्र तयार गरेर प्रतिबद्धताका साथ  जनताका बिचमा जानुपर्ने। तर यही बेला पार्टीलाई विभाजित गर्ने, कमजोर बनाउने? यो कसको हितमा? कसका लागि? कसको स्वार्थका लागि? त्यसकारण म स्पस्ट पार्न चाहन्छु – अहिले खासगरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र नेताहरूबाट जुन प्रकारका अस्वस्थ गतिविधि भइरहेका छन्, ती अलोकतान्त्रिक, गैरजिम्मेवार छन् र ती संविधानसम्मत हुने प्रश्नै छैन। प्रतिनिधिसभाको विघटन र ताजा जनादेशका लागि निर्वाचनमा जाने

भनेको पार्टीलाई पनि एकजुट बनाउने कुरा हो, अरू पार्टीहरूलाई पनि एकजुट बनाउने कुरा हो, पार्टीहरूभित्र पनि पार्टीहरूबिच पनि लोकतन्त्रका आधारभूत मूल्य–मान्यता र राष्ट्रियहितका बृहत्तर सवालहरूमा एकताबद्ध बनाएर जाने कुरा हो। पार्टीभित्र खास उद्देश्यमा र पार्टीहरूबिचमा बृहत्तर लोकतान्त्रिक मूल्य–मान्यता र देश विकासका प्रश्नमा एकता कायम होस् भन्ने उद्देश्यका साथ पार्टीलाई अगाडि बढाउने कुरा हो। लोकतन्त्रमा निर्वाचनले राष्ट्र वा पार्टीलाई विभाजन गर्दैन बरु एक बनाउँछ। सही र गलतबिच प्रतिस्पर्धा गराउँछ। पार्टीलाई आफ्ना एजेन्डामा केन्द्रित गर्छ। निर्वाचनको घोषणापछि विजय हासिल गर्न, निर्वाचनपछि आफ्ना उद्देश्य पूरा गर्न अझ सुदृढ एकताका साथ पार्टीहरू अगाडि बढ्छन्। यहाँ त उल्टो भइराखेको छ। त्यसकारण मैले भनेको हुँ – एकताका विपरीत विभिन्न निहुँ बनाएर अनेकतातर्फ जानु र पार्टी विभाजन गर्नु गम्भीर अपराध हो।

प्रतिनिधिसभा विघटनको सिफारिस राष्ट्रलाई एक बनाउन र पार्टीहरूभित्र एकता कायम होस् भन्ने पवित्र उद्देश्यका साथ ताजा जनादेशको लागि चालिएको राजनीतिक कदम हो। ताजा जनादेशको प्रस्ताव अराजकताको अन्त्य र राजनीतिक स्थिरताको लागि हो। संविधानको रक्षा, राष्ट्रिय स्वाधीनता र **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा परि पूर्तिको अविचलित यात्राको निरन्तरताका लागि हो। यो कदम हाम्रो लोकतान्त्रिक प्रणालीलाई 'समीकरण र गठबन्धन' को फोहोरी खेलबाट मुक्त गर्न चालिएको 'बाध्यात्मक तर अत्यावश्यक', र अहिलेको लागि 'अपरिहार्य' कदम हो।

## संविधान र सङ्घीयताको कार्यान्वयन

तीन वर्षअघि, २०७४ फागुन ३ गते मैले प्रधानमन्त्रीको रूपमा सपथग्रहण गर्दा सङ्घीयता कार्यान्वयनका सबै काम बाँकी थिए। सरकार सञ्चालनको एक वर्ष पूरा भएको अवसरमा देशवासीलाई सम्बोधन गर्दै मैले परिस्थिति स्मरण गरेको थिएँ – 'एक वर्षअघि जिम्मेवारी सम्हाल्दा सङ्घ, प्रदेश र

स्थानीय तहको संवैधानिक व्यवस्था त हामीसँग थियो। तर तद्नुरूपका न्यूनतम कानूनी, संस्थागत र भौतिक संरचनाहरू थिएनन्। स्थिति यस्तो देखिन्थ्यो – केन्द्र तोकिएको छ, प्रदेश प्रमुखको कार्यालय छैन। संसद छ, भवन छैन। अगाडि कामका डङ्गुर छन् तर जनशक्ति छैन, कानुन छैनन्, कार्यविधि, आर्थिक कार्यप्रणाली र वित्तीय व्यवस्था केही नै छैन। तसर्थ हाम्रो अतीत हिँड्दैछ, पाइला मेट्दैछ जस्तो हुनुहुन्न।'

म स्मरण गर्दैछु – हामीले पहिलो वर्षको कार्यभारलाई **'राज्यको संरचनागत व्यवस्थापन र समृद्धिको आधार वर्ष**' मानेका थियौँ। अन्तरप्रदेश समन्वय परिषद्मार्फत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना लागु गरेका थियौँ। वित्तीय सङ्घीयता कार्यान्वयनका लागि राजस्व बाँटफाँटको विस्तृत आधार र ढाँचा निर्धारण गरेका थियौँ। समान वित्तीय अनुदानको मात्रा, ससर्त अनुदानका आधारहरू, समपूरक र विशेष अनुदानसम्बन्धी आवश्यक कार्यविधि जस्ता कुराहरू तयार पारेका थियौँ। प्रदेश र स्थानीय तहको घाटा बजेट व्यवस्थापन, सञ्चित कोषहरू तथा राजस्व बाँटफाँटका विभाज्य कोष सञ्चालन जस्ता प्राविधिक विषयहरूको विनाविवाद टुङ्गो लगाएका थियौँ।

हामीले त्यतिखेर योजना तथा बजेट, एकीकृत सम्पत्ति कर, न्यायिक समितिको कार्यसञ्चालन, खरिद तथा सार्वजनिक वित्तजस्ता विषयमा स्थानीय तहका ५१ हजार ४ सय ६५ जना पदाधिकारी र कर्मचारीहरूलाई प्रशिक्षित गरेका थियौँ। सङ्घीयताको मान्यताअनुरूप प्रदेश तथा स्थानीय तहहरूका बिचमा हुने कार्यगत पक्षलाई समन्वय गरी एकरूपता कायम गर्न दर्जनौ कार्यविधि,मार्गदर्शन र निर्देशिकाहरूको नमुना तयार गरेका थियौँ। थुप्रै नमुना कानुन तयार गरी प्रदेश र स्थानीय तहलाई उपलब्ध गराएका थियौँ। यी सबै कारणले अहिले प्रदेश र स्थानीय तह धेरै हदसम्म सक्षम भइसकेका छन्।

स्मरण गरौँ त, तीन वर्षअघि सङ्घीयता कार्यान्वन गर्दैगर्दा सङ्घमा कति मन्त्रालय, कति संवैधानिक निकाय, कति विभाग र विभागस्तरका कार्यालयहरू, कति अन्य आयोग/ सचिवालयसहित कार्यालय कायम हुने भन्नेमै अन्योल थियो। प्रदेशस्तरमा कति मन्त्रालय, प्रदेशसभा सचिवालय र कोष तथा लेखा नियन्त्रक कार्यालयसहितका निर्देशनालयहरूका सङ्ख्या, डिभिजन र कार्यालयहरू कति कायम गर्ने भन्नेमा स्पष्टता थिएन। ७ सय ५३ स्थानीय तहको वर्गीकरण र सङ्गठन संरचना स्वीकृत हुनै बाँकी थियो। त्यस्तो परिस्थितिमा प्रदेश र स्थानीय तहका लागि आवश्यक सङ्गठनात्मक संरचना स्वीकृत गरियो। कर्मचारी समायोजन जस्तो जटिल काम एक वर्षभित्रै सम्पन्न गरी सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति व्यवस्थापन गरिए। अहिले यी कामहरू सहजै सम्पन्न भएजस्तो लाग्छन्।

तीन वर्षपछि आज फर्केर हेर्दा, यी विषयमा हामीले सन्तोषजनक उपलब्धि हासिल गरेका छौँ। संविधान कार्यान्वनका लागि **आवश्यक नीतिगत व्यवस्था, संस्थागत तथा भौतिक संरचनाहरू तयार भएका** छन्।

- पहिलो वर्ष सरदर ५ दिनमा एउटा विधेयक मस्यौदा गरी मौलिक हक कार्यान्वयन सम्बन्धी १६ कानुनसहित २५ कानुन सङ्घीय संसदबाट पारित भए। दर्जनौँ विधेयकहरू सङ्घीय संसदमा प्रस्तुत गरिए। ४ दर्जनभन्दा बढी नियमावली र गठन आदेशहरू, ३ दर्जन निर्देशिका, कार्यविधि र मापदण्ड जारी भए।
- दोस्रो वर्ष थप ३० नयाँ कानुनहरू निर्माण भए।
- तेस्रो वर्ष थप ३४ सहित यस अवधिमा कूल ८९ नयाँ कानुन निर्माण भए। संविधानसम्मत नभएका सयौँ कानुनहरू संशोधन गरिए।

यस अवधिमा संविधान पूर्णतः कार्यान्वयनमा आएको छ र सबै पक्षलाई स्वीकार्य पनि भएको छ।

## समग्र आर्थिक अवस्था

मैले सरकारको नेतृत्व सम्हाल्दा हाम्रो अर्थतन्त्र अस्तव्यस्त थियो। थलिएको र भद्रगोल पनि थियो। यस्तो अन्योलमा रुमलिएको अर्थतन्त्रले सरकार गठनको वर्ष दिन पूरा हुँदा नहुँदै लय समात्न सफल भयो। सरकारको पहिलो वर्षमा करिब ७ प्रतिशतको आर्थिक वृद्धि भयो। दोस्रो वर्ष ७ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि भयो। बेलायती पत्रिका 'द इकोनोमिस्ट' ले नेपाललाई १० उदीयमान र उच्च आर्थिक वृद्धिको बाटो समातेका मुलुकमा समावेश गऱ्यो। अर्थतन्त्रका सबै क्षेत्रहरूको वृद्धिदर ५ प्रतिशतभन्दा माथि पुग्यो। सातवटै प्रदेशको आर्थिक वृद्धि ६ प्रतिशतभन्दा बढी थियो। यही बेला हामीले मात्र होइन संसारमा कसैले पनि नसोचेको कोभिड-१९ को महामारी आयो। यसले विश्व अर्थतन्त्रको संरचना नै भत्कायो। केही मुलुकको वृद्धि नकारात्मक रह्यो, कति मन्दीको चपेटामा परे। कैयौं देशको अर्थतन्त्र नराम्रोसँग खुम्चिन पुग्यो। हाम्रो पनि आर्थिक वृद्धिदर त घट्यो तर सरकारको सुझबुझ, नीतिगत स्पष्टता र पूर्व सक्रियताका कारण नेपाली अर्थतन्त्र मन्दीको चपेटामा परेन। तीन वर्षको औसत वृद्धि साँढे पाँच प्रतिशतको हाराहारी रह्यो। कोभिड-१९ को असर घट्दै जाँदा अहिले हाम्रो अर्थतन्त्र फेरि पुरानै लयमा फर्कदैछ। चालु आर्थिक वर्षको पहिलो ६ महिनाका केही तथ्याङ्कले हाम्रो अर्थतन्त्र, पुनः उच्च आर्थिक वृद्धिको बाटो समात्ने गरी चलायमान भइसकेको देखिन्छ। अर्को वर्ष, पन्ध्रौँ योजनाले प्रक्षेपण गरेको १० प्रतिशत हाराहारीको आर्थिक वृद्धिदर हासिल हुने सम्भावना प्रबल रहेको छ।

**यसै आर्थिक वर्षको पहिलो ६ महिनामा :**

- शोधनान्तर बचत रु. १२४ अर्ब पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो बचत रु. २६ अर्बमात्र थियो।
- वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ३.५ प्रतिशत छ।
- आयात ४.८ प्रतिशतले घटेको छ भने निर्यात ६.१ प्रतिशतले बढेको छ।
- विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा ११.१ प्रतिशतले र अमेरिकी डलरमा ६.७ प्रतिशतले बढेको छ।
- कूल विदेशी विनिमय सञ्चिति अमेरिकी डलर १२ अर्ब ७८ करोड पुगेको छ।
- सङ्घीय सरकारको खर्च रु.४१५ अर्ब ७५ करोड र राजस्व परिचालन रु.४२२ अर्ब २४ करोड भएको छ। बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन ९.२ प्रतिशतले वृद्धि भएको छ।
- रु १८५ अर्ब बराबरको वैदेशिक सहायताको प्रतिबद्धता प्राप्त भएको छ।

**यस तीन वर्षको अवधिमा :**

- सार्वजनिक खर्चको आकारमा झन्डै २९ प्रतिशतले वृद्धि भएको छ। सार्वजनिक बजेटको आकार रू. १८६.६४ अर्बले बढेको छ।
- अमेरिकी डलरमा प्रतिव्यक्ति आय २३.६ प्रतिशत (८८७ बाट १,०९७) र नेपाली रूपियाँमा ३५.२ प्रतिशतले बढेको छ। ९ लाखभन्दा बढी जनसङ्ख्यालाई निरपेक्ष गरिबीको रेखाबाट

माथि उकालिएको छ। यदि कोभिड-१९ को महामारी हुँदैनथ्यो भने यो सङ्ख्या १५ लाखभन्दा माथि हुने थियो।

- संयुक्त राष्ट्रसङ्घीय मानव विकास प्रतिवेदनले मानव विकास सूचकाङ्कमा ५ प्रतिशतभन्दा बढीको बिन्दुगत वृद्धिले कोभिड-१९ को चपेटामा पर्दा पनि नेपालमा गरिबी नबढेको, भोकमरी नरहेको देखाएको छ।
- अति छरिएको बस्ती र भौगोलिक रूपमा विकट ५ वटाबाहेक सबै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाका शाखाहरू खुलेका छन्, बैंकिङ सेवा उपलब्ध छ। ३ वर्षअघि ७ सय ५३ मध्ये बैङ्क तथा वित्तीय संस्था पुगेका स्थानीय तहको सङ्ख्या ३ सय ७४ मात्र थियो।
- **खोलौँ बैंक खाता अभियान**अन्तर्गत पछिल्लो डेढ वर्षको अवधिमा मात्रै ६८ लाखभन्दा बढी बैङ्क खाता थप भएका छन्। बैङ्किङ क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जा ७२ प्रतिशतले बढेको (रु. ३,८६३ अर्ब पुगेको) छ।
- व्यावसायिक आयकरको दायरा ३ वर्ष अघिको तुलनामा झन्डै ४ लाखभन्दा बढी (५२.२ प्रतिशत) ले बढेको छ। यो वृद्धिले अर्थतन्त्र थप औपचारिक बनेको जनाउँछ।
- वीमासेवाको विस्तार ८.७ प्रतिशतले बढेर २२.७ प्रतिशत पुगेको छ।
- राजस्व परिचालन १०० अर्बभन्दा बढी भएको छ।
- कोभिड-१९ ले संसारकै आपूर्ति सञ्जाल र व्यवस्था खलबल्याउँदा पनि मूल्यवृद्धि ५ प्रतिशतभन्दा माथि गएको छैन।
- प्रदेश र स्थानीय विकासलाई रू. १,०४५ अर्ब अनुदान हस्तान्तरण गरिएको छ।

- २०७६ साउनदेखि पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि रू. २ अर्ब ३५ करोड बराबरको लागत बचत भएको छ। यो परियोजना अढाइ दशकदेखि चर्चामा त थियो, तर कार्यान्वयन भइरहेको थिएन। मैले भारतीय समकक्षीसँग संयुक्त रूपमा शिलान्यास गरेको १७ महिनामै यो परियोजना सम्पन्न भयो।

## भूकम्पपछिको पुनर्निर्माण

प्रधानमन्त्रीको रूपमा मेरो अघिल्लो कार्यकालमा शिलान्यास गरिएको ऐतिहासिक तथा पुरातात्विक महत्वको **रानीपोखरी** वर्तमान सरकार गठन हुँदासम्म जहाँको तहीँ थियो। अहिले **रानीपोखरी**को पुनर्निर्माणको काम सम्पन्न भएको छ। विश्वज्योति हलदेखि त्रिपुरेश्वरसम्म खुल्ला रहने **बृहत् टुँडिखेल गुरुयोजना**अन्तर्गत यसको थप सौन्दर्यका लागि कार्य हुँदैछ।

भूकम्पबाट क्षतिग्रस्त **धरहरा**लाई 'ऐतिहासिकता झल्कने र आधुनिकता टल्कने'गरी नेपालीको गौरवको रूपमा उभ्याउन **म बनाउँछु मेरो धरहरा** अभियान मैले अघिल्लो कार्यकालमै सुरु गरेको थिएँ। सरकारबाट हट्नुअघि निर्माण कार्य थाल्न आवश्यक पूर्व तयारीसमेत सकिएको थियो। जनस्तरबाट स्रोत सङ्कलनको आधारसमेत बनाइएको थियो। तर करिब २ वर्षपछि फेरि प्रधानमन्त्री बनेर आउने बेलासम्म 'वरको ईँटा पर' पनि सारिएको थिएन। अहिले २२ तल्ले धरहराको २१ औँ तल्लाको ढलान सम्पन्न भइसकेको छ। धरहराको निर्माण कार्य यसै साल पूरा हुँदैछ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकाल सकिँदैछ। यसले आफ्नो जिम्मामा रहेका कैयौं निर्माण कार्य पनि सम्पन्न गर्दैछ।

**यस अवधिमा :**

- **निजी आवास :** ४ लाख ६१ हजार ६ सय ४८ थपसहित ५ लाख ५९ हजार ४ सय ६१ को निर्माण सम्पन्न भएको छ। तीन वर्षअघि जम्मा ९७ हजार ८ सय १३ मात्र निजी आवास निर्माण भएका थिए।
- पुनर्निर्माण गर्नुपर्ने ४ सय १५ **सरकारी निकायका भवन**को ९५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। अब जम्मा १९ भवनमात्रै निर्माणाधीन छन्।
- **सुरक्षा निकायका भवन :** १ सय ६३ थपसहित २ सय ७ भवनको निर्माण सम्पन्न भएको छ। तीन वर्षअघि जम्मा ४४ भवनमात्र निर्माण सम्पन्न भएका थिए, यो सम्पूर्ण निर्माण कार्यको ९६ प्रतिशत हो।
- **विद्यालय भवन :** निर्माणाधीन ७ हजार ५ सय ५३ मध्ये २ हजार ९ सय ८५ थप सहित ६ हजार ८५ विद्यालय भवनको निर्माण सम्पन्न भएको छ। नेपालको सबैभन्दा पुरानो **दरबार हाइस्कुल**को पुनर्निर्माण कार्य पनि यसै अवधिमा सम्पन्न भएको छ।
- **स्वास्थ्य संस्थाका भवन :** १ सय १५ थपसहित ६ सय ९८ भवन निर्माण सम्पन्न भएका छन्।
- **पुरातात्विक सम्पदाहरू :** ४ सय ८५ थपसहित ५ सय ६५ सम्पदाको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। तीन वर्षअघि जम्मा ८० पुरातात्विक सम्पदाहरूको मात्र निर्माण सम्पन्न भएको थियो।
- ४ हजार ७ सय २० आवास निर्माण गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने **जोखिमयुक्त बस्तीको पुनर्निर्माण** कार्य सम्पन्न भएको छ। तीन वर्षअघि जम्मा २ सय ६ भवनमात्र निर्माण भएका थिए।

- यसै अवधिमा १२ हजार २ सय ८४ **भूमिहीनहरूलाई** यथास्थानमा बसोबास गर्न **जग्गा खरिद**को लागि रु.२ लाखका दरले **अनुदान** उपलब्ध गराइएको छ।
- **सिंहदरबारको पश्चिम मोहोडा, बसन्तपुर दरबार क्षेत्र, बबरमहल, केशरमहल**जस्ता ठुला भवनहरूको प्रवलीकरण कार्य अन्तिम चरणमा पुगेको छ। ऐतिहासिक **काष्ठमण्डप**को निर्माण कार्य यसै वर्ष सम्पन्न हुँदैछ।

## भौतिक पूर्वाधार तथा सहरी विकास

मैले यस सरकारको पहिलो वर्षलाई आधार वर्ष भनेझैँ, दोस्रो वर्षलाई **समृद्धिको आरम्भ वर्ष**का रूपमा उल्लेख गरेको थिएँ। चुनावको घोषणापत्र, नीति-कार्यक्रम, बजेट र त्यसको कार्यान्वयनमा तादात्म्यता छैन भन्ने मान्यता स्थापित गर्न खोजिएकाले सरकारको तर्फबाट घोषणापत्रमा गरिएको प्रतिबद्धता, दुई आर्थिक वर्षका नीति-कार्यक्रममा उल्लेख गरिएका विषय, त्यसका लागि गरिएको बजेट व्यवस्था र कार्यान्वयनको स्थितिसहितको सचित्र प्रकाशन सङ्घीय संसदमा वितरणसमेत गरेको थिएँ।

पूर्वाधार विकासको अङ्कमा प्रवेश गर्नुअघि म फेरि गतसालको आफ्नै भनाइ दोहोऱ्याउन चाहन्छु, 'कुनै समय सिङ्गो वर्षभरिमा १० किलोमिटर मात्र सडक कालोपत्रे भएको अवस्थासमेत थियो। यो सरकार गठन भएपछि प्रतिदिन करिब ५ किलोमिटर भन्दा बढीका दरले कालोपत्रे सडक निर्माण भइरहेको छ।' कोरोना महामारीले काममा असर पारेको झन्डै एक वर्ष बित्यो। तर तथ्यले यसलाई आज पनि पुष्टि गर्छ - यस तीन वर्षको अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहसहितका निकायहरूबाट **कालोपत्रे** सडक **५ हजार ४ सय ९८ किलोमिटर** निर्माण भयो।

**यस अवधिमा :**

- थप २ हजार ७ सय १८ किलोमिटर निर्माण भई **सडक विभाग**द्वारा निर्मित कालोपत्रे रणनीतिक सडक कूल **१५ हजार ८ सय ६७ किलोमिटर** पुगेको छ।
- **सहरी विकास** मन्त्रालयद्वारा थप ४ सय १२ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ।
- सातवटै **प्रदेश**बाट १ हजार १ सय ४३ किलोमिटर सडक कालोपत्रे गरिएको छ।
- **स्थानीयस्तरका** थप १ हजार २ सय २५ किलोमिटर कालोपत्रे सडक निर्माण भएको छ।
- **ग्वण्डास्मित** १ हजार ४ सय ६३ किलोमिटर थप भई ८ हजार ४ सय १९ किलोमिटर निर्माण भएको छ।
- **माटे सडक**को लम्बाइ ९ हजार १ सय ९ किलोमिटर पुगेको छ।

**यस अवधिमा :**

- **तराई–मधेशमा** १ हजार ६ सय किलोमिटरभन्दा बढी कालोपत्रे सडक निर्माण भएको छ जसमध्ये **तराई–मधेश सडक पूर्वाधार विकास कार्यक्रम**बाट २ लेनको ५ सय १६ किलोमिटर रणनीतिक सडक, ४ सय ९० किलोमिटर हुलाकी राजमार्ग, **व्यापारिक मार्ग विस्तार आयोजना**अन्तर्गत ९४ किलोमिटर ६ लेनका सडक निर्माण भएका छन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत करिब ६० किलोमिटर सडक र **सघन सहरी विकास कार्यक्रम**अन्तर्गतको ४ सय १२ किलोमिटर सडक निर्माण भएको छ।
- कालोपत्रे सडक भएका जिल्लाको सङ्ख्या अब **७२** पुगेको छ। सडक पुगेका गाउँपालिका केन्द्रको सङ्ख्या **७ सय २४**

पुगेको छ। बाँकी केन्द्रहरूलाई जोड्ने सडक निर्माणका लागि यसै आर्थिक वर्षभित्र थाल्ने गरी सरकारले बजेट व्यवस्था गरिसकेको छ।

- **नागढुङ्गा–नौबिसे सुरुङमार्ग**को निर्माण कार्य सुरु भएको छ। **सिद्धबाबा सुरुङमार्ग** निर्माणको लागि बजेट व्यवस्था गरिएको छ। **टोखा–छहरे** र **बेत्रावती–स्याफ्रुबेसी** सुरुङमार्ग विस्तृत परियोजना प्रतिवेदन तयारीको चरणमा छन्।
- तीन वर्षमा सङ्घ, प्रदेश र स्थानीय तहका गरी थप **९ सय १५** सडक पुल निर्माण भएका छन्। नेपालकै दोस्रो लामो **सिसनिया–गढवा राप्ती सडकपुल** यसै अवधिमा सम्पन्न भएको छ। ४ सय १६ ग्रामीण सडक पुलसहित सडक पुलको कूल सङ्ख्या ३ हजार १ सय ३६ पुगेको छ।
- हालसम्म **१ सय ३०** वटा **तुइन** विस्थापित गरी झोलुङ्गेपुल निर्माण गरिएका छन्। सीमा नदी महाकालीसहित ५ स्थानमा झोलुङ्गेपुल निर्माण कार्य बाँकी छन्। प्राविधिक हिसाबले तुइन राखी नदी तरीतराउ गर्ने स्थान अब बाँकी छैनन्। यस **तीन वर्ष**को अवधिमा **१ हजार ४ सय २३ झोलुङ्गे** पुल निर्माण गरिएका छन्।
- तथ्यले भन्छ, प्रत्येक दिन कम्तीमा ५ किलोमिटर सडक कालोपत्रे भयो। हरेक दिन कम्तीमा एकभन्दा बढी झोलुङ्गे पुल बने। हरेक दोस्रो दिन कम्तीमा एउटा सडक पुलको निर्माण कार्य सम्पन्न भयो। हरेक तेस्रो दिन एउटा ग्रामीण सडक पुलको निर्माण सम्पन्न भयो।
- उत्साही निजी क्षेत्रका लगानीकर्ताले कोसी र गण्डकीमा जल यातायात सुरु गरेका छन्। मनकामना, चन्द्रागिरी र कालिञ्चोकपछि बुटवललगायत देशका विभिन्न भागमा केबलकार सञ्चालनको अभियान नै सुरु भएको छ।

**यस अवधिमा :**

**जनता आवास भवन निर्माण**तर्फ **एक दिनमा कम्तीमा १२ वटाका दरले** थप १३ हजार ८५ भवन निर्माण सम्पन्न भएका छन्। यस कार्यक्रमअन्तर्गत कूल ३४ हजार ५ सय ७ भवनको निर्माण कार्य सम्पन्न गरिएको छ। ५ लाख फुस्का छाना हटाउन प्रतिपरिवार रू. ५० हजारसँगै सस्तोमा काठ उपलब्ध गराइएको छ।

**फुस्का तथा खरका छाना जस्तापाताले प्रतिस्थापन गर्ने** कार्यक्रमअन्तर्गत हालसम्म ६ हजार ९ सय ३६ फुस्का वा खरका छाना भएका घरलाई जस्तापाताले प्रतिस्थापन गरिएको छ। चालु आर्थिक वर्षमा थप १ लाख घरलाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यक्रम अनुरूप काम भइरहेको छ।

२०७५ चैत १७ गते राति आएको **हावाहुरी र चक्रवात आँधी**का कारण विस्थापित बस्तीको लागि बारा र पर्सा जिल्लामा **८ सय ६९** घरको



निर्माण कार्य तत्काल सम्पन्न गरी त्यतिबेलै सम्बन्धित परिवारलाई हस्तान्तरण गरिएको छ।

**तराई-मधेश समृद्धि कार्यक्रम**लाई विस्तार गरी १ हजार ८० सामुदायिक आवास र ४ सय ४० वटा सामुदायिक पूर्वाधार निर्माण गरिएको छ।

गोदावरीमा ३ हजार क्षमताको अन्तर्राष्ट्रिय सभाभवन, लुम्बिनीमा ५ हजार अट्ने सभाभवनको निर्माण अन्तिम चरणमा पुगेको छ। सिंहदरबार परिसरमै नयाँ संसद भवन, बालुवाटारमा प्रधानमन्त्रीको सरकारी निवास, ललितपुरको भैँसेपाटीमा मन्त्रीहरू, मुख्यमन्त्री तथा प्रदेश प्रमुख, सभामुख, उपसभामुख र राष्ट्रियसभाका अध्यक्ष तथा उपाध्यक्षको सरकारी निवास तीव्रताका साथ निर्माण भइरहेका छन्।

भौतिक पूर्वाधारअन्तर्गतका ७ वटा राष्ट्रिय गौरवका आयोजनाहरूको २०७४ फागुनको तुलनामा २०७७ पुस मसान्तसम्मको भौतिक प्रगति यस्तो देखिन्छ :

- **हुलाकी राजमार्ग** २५ प्रतिशतबाट ६८.२ प्रतिशत
- **कालीगण्डकी कोरिडर** (**जोमसोम** खण्ड) ५६ प्रतिशत
- कालीगण्डकी कोरिडर (**पाल्पा** खण्ड) २०.५ प्रतिशत
- **काठमाडौं-तराई द्रुतमार्ग** ११.१ प्रतिशत
- उत्तर-दक्षिण (**कर्णाली**) लोकमार्ग १२.५ बाट २३ प्रतिशत
- **रेल,** मेट्रोरेल, मोनोरेल आयोजना ८.८ बाट २३.२ प्रतिशत
- **पुष्पलाल** (मध्य पहाडी) लोकमार्ग र उत्तर दक्षिण (**कोसी**) लोकमार्गको पनि प्रगति भइरहेको छ।

## ऊर्जा उत्पादन तथा वितरण

एक वर्षअघि मैले भनेको थिएँ - बिजुलीको पर्याप्त उपलब्धता भएसँगै एउटा युगमा नै परिवर्तन आएको छ। दियालो, दियो हुँदै मट्टितेलको प्रयोगबाट बल्ने बत्तीको युग अब सदाका लागि अन्त्य नै हुँदैछ।

**यस अवधिमा :**

- **विद्युत् उत्पादन** ३ सय ३३ मेगावाट थप भई **१ हजार ४ सय ३० मेगावाट** पुगेको छ। माथिल्लो तामाकोसीको काम ९८.८ प्रतिशत सम्पन्न भइसकेकाले यस परियोजनाबाट यसै आर्थिक वर्षमा ४ सय ५६ मेगवाट विद्युत् थप हुने निश्चित छ।
- ६६ के.भी. क्षमताभन्दा माथिको **विद्युत् प्रसारण लाइन** ८ सय ३७ किलोमिटर विस्तार भई ४ हजार २ सय ५१ किलोमिटर पुगेको छ। धनुषाको ढल्केबरमा देशकै सबभन्दा ठुलो विद्युत् सब-स्टेशन निर्माण भई सञ्चालनमा आएको छ। म्याग्दी/पर्वतमा निर्माण भएको दोस्रो ठूलो विद्युत् सब-स्टेशनको हालै उद्घाटन गरिएको छ।
- **विद्युत्मा पहुँच** पुग्ने जनसङ्ख्या ६ प्रतिशतले बढेर ९० प्रतिशत पुगेको छ। प्रतिव्यक्ति विद्युत् खपत १ सय १० किलोवाट प्रतिघन्टाबाट **२ सय ६०** किलोवाट प्रतिघन्टा पुगेको छ।
- **विद्युत् चुहावट** २५ प्रतिशतबाट १५.३ प्रतिशतमा झरेको छ।
- जलविद्युत्सम्बन्धी **राष्ट्रिय गौरवका** ३ आयोजनामध्ये **पश्चिम सेती**को कुनै प्रगति छैन। **बूढीगण्डकी**को प्रारम्भिक कार्य २० प्रतिशतबाट ७० प्रतिशत सकिएको छ। **माथिल्लो तामाकोसी** सम्पन्न हुँदैछ।
- विद्युतका तारलाई भूमिगत गर्ने काम काठमाडौँबाट सुरु गरिएको छ।

## कृषि, पशुपन्छी तथा सिँचाइ

कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने उद्देश्यले **प्रधानमन्त्री कृषि आधुनिकीकरण**को कार्यक्रम थालिएको थियो।

**यस अवधिमा :**

- रासायनिक मलको अनुदानमा १ सय २५ प्रतिशतभन्दा बढीले वृद्धि गरी वार्षिक अनुदान रु. १० अर्ब ६८ करोड ९८ लाख पुऱ्याइएको छ।
- **प्रमुख खाद्यबाली**को उत्पादन ११.२ प्रतिशतले बढेको छ।
- **माछा/मासु**को उत्पादनमा २० प्रतिशत, **दूध** उत्पादन १९ प्रतिशत र तरकारी उत्पादन ९ प्रतिशतले बढेको छ।
- अन्डामा आत्मनिर्भर भएका छौँ र माछामासुमा आत्मनिर्भर हुने अवस्थाको नजिक पुगिसकेका छौँ।
- दक्षिण एसियामा नै पहिलो पटक Digital Soil Mapping यसै हप्ता सुरु गरिँदैछ। साथै किसान सूचीकरणको कार्य पनि यसै हप्ता सुरु हुँदैछ।

**सिँचाइ सुविधा :** तराई-मधेश सिँचाइ विकास कार्यक्रमबाट ३ वर्षमा ३० हजार हेक्टरभन्दा बढी क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको छ। हाल सिँचाइ सुविधा १५ लाख हेक्टर क्षेत्रमा पुगेको छ। यस अवधिमा सिँचाइ तर्फका ६ राष्ट्रिय गौरवका आयोजनामा कम्तीमा १० प्रतिशतले भौतिक प्रगति भएको छ।

- भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको प्रगति २० बाट ४० प्रतिशत
- रानी जमरा कुलरिया ३६ प्रतिशतबाट ४९.१ प्रतिशत

- महाकाली सिँचाइ शून्यबाट १६.३ प्रतिशत
- बबई सिँचाइ आयोजना ४२ बाट ५२ प्रतिशत
- सिक्टा सिँचाइ ५६.७ प्रतिशतबाट ६३.७ प्रतिशत
- सुनकोसी-मरिन डाइभर्सनको काम सुरु हुँदैछ। शारदा नहरबाट नेपालले पाउनु पर्ने १० क्युमेक्स पानीबाट चाँदनी-दोधरामा सिँचाइ गर्ने लामो समयदेखि सुरु हुन नसकेको परियोजना तत्काल आरम्भ गरिँदै छ।

जनताको तटबन्ध कार्यक्रमअन्तर्गत तटबन्ध निर्माण कार्य ९ सय ८७ किलोमिटर थप भई १ हजार १ सय ४२ किलोमिटर पुगेको छ।

## लगानी, उद्योग तथा वाणिज्य

सरकारले यस अवधिमा सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन निर्माण गरी कार्यान्वयनमा ल्यायो। २०७५ फागुनमा लगानी सम्मेलनको आयोजना गऱ्यो। व्यवसाय सञ्चालनका लागि आवश्यक नीतिगत प्रबन्ध गर्नुका साथै विद्युत् आपूर्ति सुनिश्चित गरियो। व्यावसायीहरूसँग सिधै सम्वाद गर्न प्रधानमन्त्रीको अध्यक्षतामा 'उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्' गठन गरियो। यी सबै प्रबन्धका कारण औद्योगिक गतिविधि बढ्यो। विश्व बैङ्कको व्यवसायसम्बन्धी सूचकाङ्क-२०२० ले पनि नेपालको व्यावसायिक वातावरणमा उल्लेख्य सुधार भएको देखाएको छ।

**यस अवधिमा :**

- रू. २१२ अर्ब बराबरको **जोखिम बेहोर्न** सक्नेगरी कोभिड-१९ ले मर्माहत निजी क्षेत्र तथा व्यावसायिक जगत्लाई राहत उपलब्ध गराउन रू. ४२ अर्बको **पुनर्कर्जा कोष**को व्यवस्था गरिएको छ।

- करिब ६० हजार साना उद्यमीले ५ प्रतिशत **ब्याज अनुदान**सहित रू. १ खर्ब ऋण पाएका छन्।
- १ हजार २ सय १२ स्वदेशी र ९ सय ७३ विदेशी **उद्योगहरू दर्ता** भएका छन्।
- लगानी बोर्डमार्फत रू. १४ खर्ब बराबरको र उद्योग विभागमार्फत रू. १ खर्बभन्दा बढीको **लगानी प्रतिबद्धता** प्राप्त भएको छ। लगानी सम्मेलन भइरहेकै समयमा रू. १ खर्बभन्दा बढीको प्रतिबद्धता प्राप्त भएको थियो।
- **धौवादी फलाम खानी**बाट फलामको व्यावसायिक उत्पादन सुरु गर्न **धौवादी फलाम कम्पनी लिमिटेड** स्थापना गरी कार्यारम्भ गरिएको छ। तीन वर्षपछि नेपालीले नेपालमै उत्पादन भएको फलामको प्रयोग गर्न पाउने छन्।
- **दैलेखमा पेट्रोलियम खानी** र **बैतडीमा फस्फोरस खानी**को अन्वेषण जारी छ।

यो सरकार बन्नुअघिको सरदर २० प्रतिशतको **आयात वृद्धि** करिब ८ प्रतिशतमा झरेकोले कूल आयातमा कमी आएको छ। **निर्यातमा** वृद्धि हुँदै गएको कारणले ब्यापार घाटा साँघुरिँदै गएको छ।

**समग्रमा यस अवधिमा :**

- आयात १२.१ प्रतिशतले घटेको छ।
- निर्यात ४.५ प्रतिशतले बढेको छ।
- कूल गार्हस्थ उत्पादनको अनुपातमा ब्यापार घाटा ९ प्रतिशतले घटेको छ।

## खानेपानी तथा सरसफाइ

मैले गत वर्ष आजकै दिन जानकारी गराएको थिएँ - दक्षिण एसियामा नेपाल **पहिलो खुल्ला दिसामुक्त मुलुक** घोषणा भएको छ। यसले देशलाई सभ्यताको एक सिँढी माथि उठाएको छ। यस अवधिमा :

- शतप्रतिशत जनसङ्ख्यामा आधारभूतस्तरको सरसफाइको पहुँच पुगेको छ।
- सघन सहरी विकास कार्यक्रमअन्तर्गत तराई मधेशका २० जिल्लामा ४ सय ४२ किलोमिटर ढल निर्माण गरिएको छ। तराई मधेशमा ढल निर्माण सरसफाइको क्षेत्रमा नयाँ प्रगति हो।
- आधारभूत खानेपानीमा ९१ प्रतिशत जनताको पहुँच पुगेको छ।
- तीन वर्षअघि ८३.७ प्रतिशत भौतिक प्रगति भएको राष्ट्रिय गौरवको **मेलम्ची खानेपानी आयोजना** अनेक जटिलतालाई चिर्दै सम्पन्न हुने चरणमा पुगेको छ।
- यस अवधिमा **५** वटा **ठूला आयोजना** सम्पन्न भएका छन्। यसबाट ९५ हजार २ सय ४१ जनसङ्ख्या लाभान्वित भएका छन्। मेलम्चीसहित अन्य ४१ वटा ठुला आयोजना सम्पन्न हुने क्रममा रहेका छन्। यसबाट २२ लाख ५८ हजार २ सय १२ जनसङ्ख्या लाभान्वित हुनेछन्। त्यसैगरी ३७ वटा नयाँ आयोजनाहरू प्रारम्भ गरिएका छन्, जसबाट ८ लाख २६ हजार २ सय ८९ जना लाभान्वित हुनेछन्।
- **ग्रामीण खानेपानी**तर्फ १ सय ७९ वटा आयोजना सम्पन्न भएका छन्। यसबाट १ लाख ५४ हजार ९ सय जना लाभान्वित भएका छन्। अन्य १ सय ६१ वटा आयोजना सम्पन्न हुने क्रममा रहेका छन् जसबाट २ लाख ६ हजार ८ सय जना लाभान्वित हुनेछन्।

- प्रदेश र स्थानीय तहबाट समेत खानेपानीलाई प्राथमिकतामा राखी काम भइरहेको छ।

## सञ्चार तथा पर्यटन

शून्यको स्थितिबाट ७७ जिल्लामा **फोर-जी** सेवा विस्तार भएको छ।

- इन्टरनेट ग्राहक घनत्व ५१.२ प्रतिशतबाट ८०.१ प्रतिशत पुगेको छ।
- ग्रामीण दूरसञ्चार कोषअन्तर्गत **३१ जिल्लामा निःशुल्क इन्टरनेट** सुविधा उपलब्ध भएको छ।
- हालै मन्त्रिपरिषद्बाट सबै विद्यालय र स्थानीय सेवा प्रदायक संस्थामा इन्टरनेट सेवा पुर्‍याउने निर्णय भएको छ।

जुनसुकै विमान पनि उड्न र बस्न सक्नेगरी **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल**को धावनमार्ग पुनःनिर्माण गरिएको छ। यो पुनर्निर्माण ४० वर्षपछि तोकिएको समयभित्रै सम्पन्न भएको छ।

**यस अवधिमा :**

- नेपालका ५३ विमानस्थलमध्ये बाह्रै महिना सञ्चालन हुने विमानस्थलको सङ्ख्या २९ बाट ३६ पुगेको छ।
- यीमध्ये रातिको समयमा पनि चल्ने विमानस्थलको सङ्ख्या ८ पुगेको छ। विराटनगर र सुर्खेत विमानस्थललाई प्रदेश र स्थानीय तहसँग समन्वय गरी विस्तार गरिँदैछ।
- धनगढी, काठमाडौँ, जनकपुर, विराटनगर र भद्रपुर विमानस्थलहरूमा प्रतिकूल मौसमको समयमा पनि भू-उपग्रहमार्फत उडान तथा अवतरण हुने प्रणालीको स्थापना गरिएको छ।

- **राष्ट्रिय गौरवका आयोजना** - गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण ५० प्रतिशतबाट ९८.८ प्रतिशत सम्पन्न भएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको १५ प्रतिशतबाट ७० प्रतिशत भौतिक प्रगति भएको छ। कोभिड-१९ को महामारी नआएको भए यी दुवै विमानस्थल अहिले सञ्चालनमा आइसक्ने थिए।

## शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्र

शिक्षाको सन्दर्भमा मैले गत वर्ष संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) को विश्व प्रतिवेदन-'अ वर्ल्ड रेडी टु लर्न' लाई उल्लेख गरेको थिएँ। प्रतिवेदनमा सन् २००० पछिका १७ वर्षहरूमा नेपालको विद्यालय भर्ना दर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको छ।

**यस अवधिमा :**

- आधारभूत तह (कक्षा १-८) को विद्यार्थी खुद भर्ना दर ९२.३ प्रतिशतबाट ९३.४ प्रतिशत पुगेको छ।
- माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्ना दर ४३.९ प्रतिशतबाट ४७.६ प्रतिशत पुगेको छ।
- ६ वर्षमाथिको साक्षरता दर ७८ प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ।
- सिटिइभिटीअन्तर्गत सञ्चालित शिक्षालय २ सय ९२ स्थानीय तहमा पुगेका छन्। यस्ता शिक्षालयको सङ्ख्या ५ सय ७० बाट १ हजार ४२ पुगेको छ। यी शिक्षालयबाट ६५ हजार ४ सय ९७ जनाले तालिम प्राप्त गरेका छन्।

गत वर्षको यही समयदेखि हामीले अकल्पनीय महामारी कोभिड-१९को आतङ्क झेल्नु पर्‍यो। विश्वलाई नै हल्लाएको यस महामारीले

हाम्रोमात्र होइन, विकसित मुलुकहरूकै जनस्वास्थ्य सेवाको उपलब्धता र व्यवस्थापकीय क्षमतामाथि पनि गम्भीर प्रश्न खडा गऱ्यो। हामीले गत वर्षको चैतको सुरुदेखि नै बन्दाबन्दी गरी कोभिड-१९ महामारी नियन्त्रणको प्रयास थाल्यौँ। हामीमात्रै होइन, यस महामारीसँग सिङ्गो विश्व नै अनभिज्ञ थियो। हामी पनि यसबारे जान्दैबुझ्दै थियौँ। सरकारले जेजस्ता प्रयास गरिरहेको थियो ती गलत थिएनन्। पहिलोपल्ट पिसिआर परीक्षण गर्न मुलुकमा उपलब्ध प्रविधि पर्याप्त थिएन, पहिलो केसको पिसिआर परीक्षण गर्न सङ्कलित स्वाबलाई विदेश पठाउनु परेको थियो। स्वास्थ्य सामग्री, पहिचान, परीक्षण र उपचारका वास्तविकतासँग मेल नखाने अनेकौं हल्लाहरू ब्याप्त थिए। 'अति भो' भन्दै आन्दोलन गर्छु भन्नेहरूले गरेको माग– 'शतप्रतिशत पिसिआर टेस्ट' कति अव्यावहारिक र अनावश्यक थियो भन्ने कुरा अहिले हामी सबै बुझ्दैछौँ।

- अहिले २१ लाखभन्दा बढीको पिसिआर परीक्षण भइसकेको छ, आवश्यकता अनुरूप यो परीक्षण जारी रहनेछ।
- अहिले पिसिआर परीक्षण ल्याब शून्यबाट ८३ पुगेको छ। ल्याबलाई चाहिने सामान र पिपिई पर्याप्त मात्रामा उपलब्ध छ।
- माघ महिनाको अन्त्यसम्मको प्रतिवेदनअनुसार सङ्क्रमित सङ्ख्या २ लाख ७२ हजार ५ सय ५७ छ। यो सङ्क्रमण दर कूल जनसङ्ख्याको १ प्रतिशतभन्दा कम रहेको छ। निको हुने दर ९८.६ प्रतिशत छ। कोभिड-१९ को मृत्युदर करिब १ प्रतिशत छ। सरकारले कोभिड-१९ विरुद्धको उपचार निःशुल्क गर्ने व्यवस्था मिलायो। मृत्यु हुनेमध्ये ९० प्रतिशतभन्दा बढीको मृत्यु अस्पतालमा नै भएको छ।
- कोभिड-१९ का सङ्क्रमितलाई आइसियु र भेन्टिलेटरमै राखेर उपचार गर्नुपर्ने हुनसक्छ भनी छुट्याएका थियौँ। तर हामीले गरेको तयारीको तुलनामा आइसियु प्रयोग गर्ने र भेन्टिलेटरमा राख्नुपर्ने कोभिडका बिरामीको सङ्ख्या निकै न्यून रहेको छ।

- अहिले हामी सबै नागरिकलाई निःशुल्क खोप उपलब्ध गराउने चरणमा छौँ। विश्वमा कोभिड-१९ विरुद्धको खोप लगाउन प्रारम्भ गरिएको एक-डेढ महिनाभित्रै हामीले यो खोप लगाउन प्रारम्भ गरेका छौँ। यसरी खोप अभियान सुरु गर्नेमा नेपाल दक्षिण एसियामै दोस्रो मुलुक भएको छ। माघ ३० गतेसम्म खोप लगाउनेको सङ्ख्या १ लाख ८८ हजार ९ सय ८३ पुगेको छ।
- कोभिड- १९ ले हामीलाई पनि स्वास्थ्य संरचना र सरसफाइमा ध्यान दिन सचेत गरायो। त्यसैले, अस्पताल र स्वास्थ्यचौकीमा उपलब्ध ६ हजार ४ सय ९० शैय्यामा ३८.४ प्रतिशत (२,४९२) थप गरिएको छ। अस्पताल र स्वास्थ्यचौकीमा उपलब्ध कूल शैय्या ८ हजार ९ सय ८२ पुगेको छ।
- यस वर्षमात्र ३ सय ९ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणको लागि एकैपटक शिलान्यास भयो। आगामी २ वर्षभित्र सम्पन्न हुने स्थानीयतहका यी अस्पतालमा थप ८ हजार शैय्या उपलब्ध हुनेछन्।
- अर्को वर्ष थप २ सय ४ स्थानीयतहका अस्पतालको निर्माण सुरू गरिने छ।
- आइसियु शैय्या ४ सय, भेन्टिलेटरसहितको शैय्या ३ सय र उच्च निर्भरता (हाई डिपेनडेन्सी) का लागि २ हजार शैय्या थपिएको छ।
- कोभिड-१९ को महामारीको सामना गर्ने क्रमसँगै केन्द्रमा ३ सय बेड र सबै प्रदेशमा ५० बेडको सङ्क्रामक रोग अस्पताल निर्माण गर्न प्रक्रिया प्रारम्भ गरिएको छ।

## सामाजिक सुरक्षा

जनतालाई लोककल्याणकारी राज्यको अवधारणाअनुरूप सामाजिक सुरक्षा उपलब्ध गराउने कार्यक्रम हामीले नै सुरु गरेका थियौँ। संविधानको समाजवादउन्मुख प्रावधान अनुरूप अहिले सामाजिक सुरक्षाको दायरा बढाइएको छ।

**यस अवधिमा :**

- विभिन्न ८ प्रकारका सामाजिक सुरक्षाभत्ता पाउनेको सङ्ख्या ५ लाखले थप भई ३० लाख ६० हजार पुगेको छ।
- मासिक रु. १ सयबाट सुरु गरिएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षाभत्ता, दैनिक रु. १ सय (मासिक रु. ३,०००) पुऱ्याइएको छ। यसको दायरा पनि विस्तार गरिएको छ। सबै ज्येष्ठ नागरिकको लागि १ लाखसम्मको निःशुल्क स्वास्थ्य वीमाको व्यवस्था गरिएको छ।
- सामाजिक सुरक्षामा वा अन्य निवृत्तिभरण कोषमा आबद्ध भएकाहरूले पनि सहभागी हुन पाउनेगरी नागरिक लगानी कोषमार्फत थप **नागरिक पेन्सन कार्यक्रम**समेत कार्यान्वयनमा ल्याइएको छ।
- स्वास्थ्यवीमा थप ३७ सहित २८ बाट ६५ जिल्लामा बिस्तार भएको छ। स्वास्थ्यवीमा पुगेका स्थानीय तहको सङ्ख्या ३ सय ७७ थप भई ६ सय ३६ पुगेको छ। स्वास्थ्यवीमा गर्ने जनसङ्ख्या १२ लाख ४० हजारबाट बढेर २५ लाख १० हजार पुगेको छ।
- नयाँ युगको सुरुआतको रूपमा श्रमिकहरूका लागि २०७५ मङ्सिर ११ गते योगदानमा आधारित **सामाजिक सुरक्षा योजना** राष्ट्रिय अभियानको रूपमा मैले नै प्रारम्भ गरेको थिएँ। २०७६ साउन १ गतेदेखि कार्यान्वयनमा ल्याइएको यस योजनाबाट

श्रमिकको आर्थिक भविष्य सुनिश्चित हुन्छ। रोजगारदाताहरू समेत सम्भावित जोखिमबाट सुरक्षित हुन्छन्। यस योजनाबाट, रोजगारदातासँगको साझेदारीमा आफैँले गरेको योगदानका आधारमा सक्रिय उमेर समूहका सबै नागरिकलाई काममा रहँदा विभिन्न प्रकारका वीमा योजनाबाट लाभ दिइन्छ र कामबाट बाहिरिँदा सेवानिवृत्त भत्ता उपलब्ध गराइन्छ। यस योजनामा हालसम्म १२ हजारभन्दा बढी रोजगारदाता र २ लाख श्रमिकहरू आबद्ध भइसकेका छन्। सरकारले हालसालै ३० हजारभन्दा बढी दैनिक ज्यालादारी र करारमा कार्यरत श्रमिकलाई पनि यसै योजनामा सामेल गर्ने निर्णय गरेको छ।

- श्रमिकको न्यूनतम पारिश्रमिक ३९ प्रतिशतले वृद्धि गरिएको छ। राष्ट्रसेवक कर्मचारीको पारिश्रमिकमा सरदर २० प्रतिशतले वृद्धि गरिएको छ।
- नेपाली सेनामा १६ वर्षे सेवापछि निवृत्तिभरणको व्यवस्था गरिएको छ।
- द्वन्द्वमा घाइते हुनेका लागि निःशुल्क उपचारको व्यवस्थाका साथै विभिन्न आन्दोलन र सङ्घर्षका योद्धाहरूलाई सम्मान र परिचयपत्रको व्यवस्था गर्ने निर्णय गरिएको छ।

## सुशासन र भ्रष्टाचार विरुद्धको अभियान

गतवर्ष आजकै दिन प्रतिनिधिसभामा सम्बोधन गर्दा मैले भनेको थिएँ – **म आफू भ्रष्टाचार गर्दिनँ र अरूलाई पनि गर्न दिन्नँ**। आज फेरि एकपटक दोहऱ्याउन चाहन्छु – **दुराचारी र दुराचार, भ्रष्ट र भ्रष्टचारका सन्दर्भमा मुखमा पानी हालेर बोल्ने मेरो बानी छैन**। जो जतिसुकै उच्च ओहोदावाल होस् या कथित पहुँचवाला, तिनको मुख हेरेर सजाय तोकिन्नँ। कारबाही गर्ने/नगर्ने फैसला लिइन्नँ।

मेरो यो प्रतिबद्धता लोकरिझ्याइ वा ओठेभक्ति होइन, निष्ठा हो। यही निष्ठाका कारण भ्रष्टाचार र अधिकारको दुरूपयोग छानबिन गर्ने विभिन्न सरकारी निकायहरूलाई मैले प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याएको थिएँ। कतिले यसलाई 'शक्तिको अति केन्द्रीकरण' गरेको भने। यो त ' अलोकतान्त्रिक भयो' भन्नेहरूका आरोपमा नअलमलिएर ठिकै गरेको रहेछु भन्ने तीन वर्षको अवधिमा प्राप्त कामको प्रभावकारिता र परिणामले देखाएको छ।

भ्रष्टाचारविरुद्ध जिम्मेवारी पाएका हाम्रा निकायहरूले यसका विरुद्ध अभियान नै चलाएका छन्। यस अवधिमा भ्रष्टाचार, राजस्व चुहावट र सम्पत्ति शुद्धीकरणअन्तर्गत कूल १ हजार १ सय ५४ मुद्दा दर्ता भएकामध्ये थप ७ सय ३६ मुद्दा दायर भएका छन्। बिगो दाबी रू.४,८१० करोड गरिएको छ।

- राजस्व चुहावटको कसुरका २ सय १५ मुद्दामा ११ कर्मचारीसहित ७ सय ५५ जना विरुद्ध ३२ अर्ब ७९ करोड ९० लाख बिगो असुल गरी जरिवाना र कैद सजाय माग गरी मुद्दा चलाइएको छ।
- विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारको कसुरमा ४ सय ४० जना विरुद्ध १० अर्ब ७२ करोड ६९ लाख बिगो कायम गरी त्यसको तेब्बर जरिवाना र ३ वर्ष कैद सजाय माग गरिएको छ।
- झुटा नक्कली बिजक बनाउने त कारखाना नै चलेको रहेछ। यस्ता झुटा कागजात जारी गरी राजस्व चुहावट गर्ने २ सय फर्ममध्ये छानबिन पूरा भएका १ सय २७ फर्मलाई रु १० अर्ब ६८ करोड बिगो कायम गरी संलग्न व्यक्ति विरुद्ध मुद्दा दायर गरिएको छ। नक्कली बिजक खरिद गर्ने फर्महरूमध्ये ५२ वटालाई ४ अर्ब ६१ करोडभन्दा बढी बिगो कायम गरी मुद्दा दायर गरिएको छ।

- यसवर्ष अख्तियार दुरूपयोग अनुसन्धान आयोगले इतिहासमै सबैभन्दा धेरै मुद्दा दर्ता गरेको छ। विशेष अनुसन्धानबाट मुद्दा दायर गरिएको सङ्ख्या ३ वर्ष पहिले १ सय ९४ थियो, यस आर्थिक वर्षमा मात्रै ४ सय ४१ छ। कूल बिगो दावी रकम पहिले रु. ४०.६ करोड थियो भने अहिले रु. २५३.७ करोड रहेको छ।

यस अवधिमा सरकारी सम्पत्ति फिर्ता ल्याउन चलाइएको कारबाहीअन्तर्गत सिरहा, सर्लाही र बर्दिया जिल्लाको ३ सय १ बिघा सार्वजनिक जग्गा फिर्ता गराइएको छ। माथिल्लो त्रिशूली-१ जलविद्युत् परियोजनाको पहुँचमार्गका लागि भोगाधिकार दिएको १ सय १० रोपनी जग्गामा खडा गरिएको नक्कली मोही खारेज गरी त्यसलाई पनि फिर्ता गराइएको छ। काठमाडौँको ललिता निवासको १ सय ३६ रोपनी जग्गा जालसाजी गरी हडप्ने कार्य विरुद्धको मुद्दा जारी छ। मातातीर्थको करिब १ सय ७४ रोपनी जग्गामा भएको कानुन विपरीत कामको छानबिन भइरहेको छ। साथै, स्थानीय तह, प्रदेश तथा नेपाल सरकारका सबै प्रकारका चल-अचल सम्पत्तिको विद्युतीय अभिलेखनको व्यवस्था मिलाइएको छ।

**आर्थिक अनुशासन** : महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले सङ्घीय सरकारी निकायको विगत ३ वर्षको लेखापरीक्षण र बेरूजुको अङ्क तुलना गर्दा आर्थिक वर्ष २०७३/७४ मा ५.४१ र २०७४/७५ मा ५.२ ९ प्रतिशत बेरूजु रहेको थियो। यस आर्थिक वर्षमा ४.०५ प्रतिशतमात्र बेरुजु कायम भएको छ। आ.व २०७५/७६ मा मात्र रू. ८३ अर्ब ४८ करोड बेरूजु फछ्र्योट भएको छ।

सुशासनका लागि **डिजिटल नेपाल** : भ्रष्टाचारका छिद्र टाल्न र सेवाग्राही जनतालाई छरितो सेवा उपलब्ध गराउन डिजिटल प्लेटफर्मलाई सुदृढ गरिएको छ। यी संरचनागत व्यवस्था आजका लागि मात्र नभएर भोलिका

लागि निर्मित आधार हुन्। यसमा रहेका प्राविधिक कमजोरीहरू क्रमशः सुधार हुँदै जाने छन्।

- **हेलो सरकार** : जनगुनासोको रिपोर्ट, शीघ्र व्यवस्थापन र समाधानका लागि 'हेलो सरकार' डिजिटल प्रणाली सञ्चालनमा ल्याइएको छ। अब कुनै पनि गुनासो सोझै सम्बन्धित कार्यालयमा प्रवाह हुने र त्यसमाथि कारबाही गरे/नगरेको सम्बन्धित गुनासोकर्ता आफैँले हेर्न सक्छन्।
- **नेपाली पोर्ट** : अध्यागमन कार्यालयमा अत्याधुनिक प्रविधिको आवागमन रेकर्ड प्रणाली विकास गरी सञ्चालनमा ल्याइएको छ। यस प्रणालीलाई सुरक्षा निकाय, हवाईयात्रा प्रणालीलगायत अन्य प्रणालीसँग अन्तरआबद्ध गरी सीमा सुरक्षा व्यवस्था मजबुत बनाइएको छ। यसै प्रणालीमार्फत अनलाइन भिसा (ई-भिसा) को पनि सुरुआत गरिएको छ।
- **अनुगमन पोर्टल** : आर्थिक वर्षमा तर्जुमा गरिएका नीति कार्यक्रमहरूको अनुगमन तथा प्रगति मापन गर्न विगत तीन वर्षदेखि **अनुगमन पोर्टल** सञ्चालनमा ल्याइएको छ। यस प्रणालीमा सरकारको नीति कार्यक्रममा उल्लेख भए बमोजिमका कामहरूको अनलाइन अद्यावधिक गरिन्छ र हरेक सरोकारवाला निकायको दैनिक प्रगतिको प्रत्यक्ष **अनुमगमन** हुन्छ। यसलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको अत्याधुनिक **एक्सन रूम**बाट थप बल पुऱ्याइएको छ।
- **पब्लिक एक्सेस मोडल** : मालपोत कार्यालयहरूमा आमनागरिकले खेप्नु परेको समस्या कम गर्न ती कार्यालयहरूका किताबी अभिलेखलाई विद्युतीय रूपान्तरण गरी आमनागरिकलाई सेवामा सोझै पहुँच दिइएको छ।
- **नागरिक एप्स** : आम नागरिकको प्रत्यक्ष सरोकार रहने तथा सेवा प्रवाहमा झन्झट र सास्ती खेप्नु पर्ने सरकारी सेवाहरूको

पहिचान गरी घरैबाट सेवा लिन सकिने गरी नागरिक एप्सको परीक्षण सुरु भएको छ। यो एप्स हालसम्म चार लाख पचास हजारभन्दा बढी डाउनलोड गरिएको छ। ३ हजार ५ सयभन्दा बढी नागरिकले घरमै बसीबसी **प्यान नम्बर** लिइसकेका छन्। अब तुरुन्तै मालपोत, यातायात सवारी नवीकरण दस्तुरजस्ता झन्झटिला सेवाहरू यसै एप्समार्फत दिइने छ।

- **राष्ट्रिय परिचयपत्र** : विद्युतीय सेवा प्रवाहको मेरुदण्ड राष्ट्रिय परिचयपत्र प्रणाली सञ्चालनमा आइसकेको छ। अहिले देशव्यापी अभियानमार्फत नागरिक दर्ता कार्यक्रम जारी छ। हालसम्म १६ लाख नागरिकले यसमा आफूलाई दर्ता गरिसकेका छन्। आगामी आर्थिक वर्षमा एक करोड नागरिकलाई यसमा दर्ता गर्ने लक्ष्यका साथ राष्ट्रिय अभियान जारी छ।
- **अनलाइन श्रम स्वीकृति प्रणाली :** वैदेशिक रोजगारीको क्षेत्रमा नागरिकले खेप्नु परेको सास्ती कम गर्न अनलाइन श्रम स्वीकृति प्रणाली सञ्चालनमा ल्याइएको छ। हाल दैनिक ५ सय नागरिकले यो सेवा लिइरहेका छन्।
- सरकारी दस्तुर तथा राजस्व सङ्कलनको **विद्युतीय भुक्तानी प्रणाली** सञ्चालनमा आइसकेको छ। हाल ट्राफिक जरिवाना, आन्तरिक राजस्व कार्यालय, स्थानीय निकायको कर घरबाटै भुक्तानी गर्न सकिने भएको छ। अरू थप सेवाहरूको भुक्तानी अनलाइन प्रणालीमा क्रमशः ल्याइनेछ।
- **मालवस्तु अनुगमन प्रणाली** : राजस्व चुहावट रोक्न संरचना सुधारको कार्यक्रम अन्तर्गत 'मालवस्तु तथा ढुवानी साधनको अनुगमन' प्रणाली (**भिसिटिएस)** २०७६ साउन १ गतेदेखि प्रयोगमा ल्याइएको छ। २०७७ पुससम्ममा १ लाख ५ हजार २२ जना यसको प्रयोगकर्ता छन्। दैनिक २० हजार मालवस्तु (कन्साइनमेन्ट) यस प्रणालीमा प्रविष्ट भइसकेका छन्। बिल १ करोड २२ लाख ४४ हजार २ सय ७६, प्रज्ञापनपत्र ५ लाख

१८ हजार १ सय ७७ र चलान ५ लाख ५९ हजार ७ सय २६ यसमा रेकर्ड भइसकेका छन्।

## शान्ति सुरक्षा र राष्ट्रिय एकता

अहिले राष्ट्रिय सुरक्षाको समग्रपक्ष सामान्य र समस्यारहित छ। वर्षौंदेखिका अपराधका घटनामाथि छानबिन भएको छ। अपराधीहरू कानुनको कठघरामा उभिन र कानुनबमोजिम सजाय भोग्न बाध्य छन्।

यस बिचमा बलात्कार र महिला हिंसाका केही दुःखद् घटना भएका छन्। बलात्कार र बलात्कारपछिको हत्याकाण्ड होस् वा महिलामाथिको एसिड आक्रमणजस्ता जघन्य हिंसाका घटनामा दोषीलाई उम्किन दिइने छैन। सरकारद्वारा '**एसिड आक्रमण तथा बलात्कार र महिला हिंसा विरुद्धका अध्यादेश**' हरू दोषीलाई हदैसम्म कारबाही गर्ने र पीडितलाई तत्काल क्षतिपूर्तिसहित न्याय दिने उद्देश्यले हालै जारी गरिएको छ।

सङ्क्रमणकालीन न्यायको सन्दर्भमा 'सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानविन आयोग' का कामलाई निरन्तरता दिन अध्यादेश जारी गरिएको छ।

यसै अवधिमा छुट्टै राज्यको मागमा सक्रिय 'स्वतन्त्र मधेश गठबन्धन' लाई राजनीतिक मूलधारमा ल्याइएको छ।

द्वन्द्वरत पक्षहरूसँग राजनीतिक वार्ता गरी द्वन्द्व न्यूनीकरण गरिएको छ। अन्य राजनीतिक पक्षलाई पनि संविधानले दिएको अधिकार प्रयोग गरी शान्तिपूर्ण गतिविधिमा संलग्न रहन र वार्ताको माध्यमद्वारा समस्या हल गर्न सरकारले आह्वान गर्दै आएको छ।

गतवर्ष संसदमा सम्बोधन गरिरहँदा मैले 'सीमा विवादको विषयमा राष्ट्र एक ठाउँमा छ। राष्ट्रले दिएको यो जिम्मेवारी सरकारले गम्भीरतापूर्वक

लिँदै मातृभूमिको रक्षा गर्छ। सम्वादका माध्यमबाट सीमा समस्याको समाधान गर्न र अतिक्रमित नेपाली भूभाग फिर्ता ल्याउन सरकार दृढता र सक्रियताका साथ लागेको म यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु' भनेको थिएँ।

वार्ता र कूटनीतिक माध्यमद्वारा समस्या हल गर्ने हाम्रो चाहना विपरीतका गतिविधि जारी रहेपछि सरकारले अतिक्रमित भूभाग सामेल गरेर नयाँ राजनीतिक नक्सा जारी गर्ने घोषणा चालु आर्थिक वर्षको नीति-कार्यक्रममार्फत गऱ्यो। नक्सा जारीमात्र गरेन, निसान छापमा नयाँ नक्सालाई समावेश गर्न संसदमा संविधान संशोधनको प्रस्ताव नै पेस गऱ्यो। पहिलो पटक सर्वसम्मतिले भएको संविधान संशोधन र संसदमा दलहरूबिच देखिएको अभूतपूर्व एकताले राष्ट्र र भौगोलिक अखण्डताको मामिलामा नेपालीहरू कति संवेदनशील छन् भन्ने स्पष्ट भएको छ। यस अभियानमा सिङ्गो राष्ट्र एक भई सरकारको कदमलाई साथ दिएकोमा प्रधानमन्त्रीका हैसियतले म सबैप्रति हार्दिक आभार प्रकट गर्दछु। अहिले हामी वार्तामा छौँ र समस्या वार्ताबाटै हल हुने अपेक्षामा छौँ।

### नेपाल र विश्व :

आफ्नो भूमिका, पहिचान, परिचय र प्रभाव विस्तार गरेकै कारण यस ३ वर्षको अवधिमा नेपाल अन्तर्राष्ट्रिय क्षेत्र र सङ्घ/संस्थामा देखिने, सुनिने, बोलाइने र पत्याइने मुलुकको रूपमा स्थापित भएको छ। नेपालको नारा नै छ- **सबैसँग मित्रता, छैन कसैसँग शत्रुता**।

- यस अवधिमा थप १२ मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना भई नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकको सङ्ख्या १ सय ६८ पुगेको छ। थप १५ मुलुकसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना भएका छन्।

- संयुक्त राष्ट्रसङ्घको महिला विरुद्धका सबै प्रकारका हिंसा विरुद्धको समिति (**सिड**) र **मानव अधिकार परिषद्**मा नेपाल दोस्रो पटक निर्वाचित भएको छ।
- गतवर्ष पनि मैले केही महत्वपूर्ण भ्रमणलाई यस सन्दर्भमा उल्लेख गरेको थिएँ। नेपालको प्रधामन्त्रीको बेलायत र फ्रान्सको औपचारिक भ्रमण दुई दशकपछि भयो। हाम्रा परराष्ट्रमन्त्रीको अमेरिकाको औपचारिक भ्रमण १७ वर्षपछि र रूसको भ्रमण १४ वर्षपछि भयो।
- चीनका राष्ट्रपतिको नेपाल भ्रमण २३ वर्षपछि भयो। भारतका प्रधानमन्त्रीको एउटै कार्यकालमा ४ पटक नेपाल भ्रमण भयो।
- चीनसँगको यातायात पारवहन सम्झौतापछि नेपालको अवस्था भूपरिवेष्ठित मुलुकबाट भूजडित् मुलुकका रूपमा फेरिएको छ। यसले भविष्यमा नेपालले नाकाबन्दी जस्तो अमानवीय अवस्था सामना गर्नुपर्ने स्थितिलाई अन्त्य गरिदिएको छ।
- अन्तर्राष्ट्रिय मञ्चहरूमध्ये पहिले हाम्रो उपस्थिति एसिया सोसाइटीमा मात्रै सीमित देखिन्थ्यो। अहिले यसका अतिरिक्त डावोस फोरम, अक्सफोर्ड युनिभर्सिटी, होची मिन्ह युनिभर्सिटी, राष्ट्रसङ्घीय शान्ति विश्वविद्यालयजस्ता विश्व प्रसिद्ध फोरमहरूमा हामीले आफ्ना विचार प्रस्तुत गर्ने मौका पाएका छौँ।

कोभिड-१९ महामारी हुँदैनथ्यो भने हामी आफैँले पनि विश्वस्तरको नयाँ फोरम- **सगरमाथा सम्वाद** सुरु गरिसकेका हुनेथियौँ।

## अन्य केही महत्वपूर्ण कार्यक्रमहरूको प्रगति

**प्रधानमन्त्री रोजगार कार्यक्रम :** नेपालको संविधानमा हामीले गरेको व्यवस्थाअनुरूप रोजगारीलाई मौलिक हकका रूपमा स्थापित गरिएको

छ। यस व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यले आन्तरिक रोजगारी प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७५/७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो। यस कार्यक्रमअन्तर्गत सबै स्थानीय तहमा स्थापना गरिएका रोजगार सेवा केन्द्रमा स्थानीय बेरोजगार व्यक्तिहरूको सूची राखिन्छ। बेरोजगार व्यक्तिको विस्तृत अभिलेख राख्नेगरी स्थानीय तहमा रोजगार सूचना प्रणालीको विकास गरिएको छ। यस्ता व्यक्तिलाई निजी क्षेत्रमा उपलब्ध हुने रोजगारी र सार्वजनिक विकास निर्माणका आयोजनामा समेत परिचालन गरिएको छ। यस अनुसार २ लाखभन्दा बढीलाई एक आर्थिक वर्षमा न्यूनतम १ सय दिनको कामको अवसर वा काम नपाउनेलाई न्यूनतम ज्यालाको आधा 'बेरोजगार भत्ता' उपलब्ध गराइने छ।

आर्थिक वर्ष २०७७/७८ को मङ्सिरसम्ममा यस कार्यक्रमअन्तर्गत सूचीकृत भएका (७ लाख ४३ हजार) मध्ये १ लाख ५ हजारले रोजगारी पाइसकेका छन्। चालु आर्थिक वर्षमा यस कार्यक्रमबाट थप २ लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराउने कार्यक्रम रहेको छ।

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम :** शिक्षण संस्थाहरूको भौतिक पूर्वाधार तथा सिकाइ सुविधामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/०७७ देखि यो कार्यक्रम प्रारम्भ भएको हो। गत आर्थिक वर्षमा यसको कार्यविधि तयारी गरी विद्यालय तहबाट प्रस्ताव माग गरिएकोमा करिब ३ हजार ३ सय प्रस्ताव प्राप्त भएका थिए।

चालु आर्थिक वर्षमा बढीमा २५ लाखसम्मका आयोजनाको प्रस्ताव पेस गर्न सूचना प्रकाशन गरिएकोमा हाल स्थानीय तहको स्वीकृतिसहित विद्यालयका प्रस्ताव प्राप्त भइसकेका छन्। विद्यालयबाट प्राप्त प्रस्तावमा भवन निर्माण, सूचना प्रविधि प्रयोगशाला, विज्ञान प्रयोगशालाजस्ता पूर्वाधारसम्बन्धी आयोजना समावेश छन्। यी प्रस्तावहरूको मूल्याङ्कन गरी कार्यान्वयन अघि बढाउन प्रक्रिया प्रारम्भ गरिएको छ।

**राष्ट्रपति महिला उत्थान कार्यक्रम :** यस कार्यक्रमअन्तर्गत बहुआयामिक महिला उद्यमी विकास, वित्तीय पहुँच वृद्धि, प्रविधि सहयोग र उत्पादितवस्तुको बजारीकरणमा सहयोग गरी महिला सशक्तीकरण गर्ने कार्यक्रम अघि बढाइएको छ। यसअन्तर्गत दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका १ सय ७४ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्य समेत गरिएको छ।

प्रधानमन्त्री र राष्ट्रपति संस्थासँग जोडिएका अन्य दुई कार्यक्रममा प्रधामन्त्री कृषि आधुनिकीकरण कार्यक्रम र राष्ट्रपति चुरे संरक्षण कार्यक्रम छन्। चुरे संरक्षण कार्यक्रम यसको गुरुयोजनाअनुरूप अघि बढाइएको छ।

## विविध

देशमा केही हुन नसकेको गुनासो व्याप्त रहे पनि विश्वस्तरीय प्रतिवेदनहरूले पछिल्ला वर्षहरूमा नेपालले आर्थिक र सामाजिक विकासका क्षेत्रमा उल्लेख्य प्रगति गरेको देखाएका छन्। संयुक्त राष्ट्रसङ्घ, विश्व बैङ्कलगायत अन्य अन्तर्राष्ट्रिय सङ्घ/संस्था र निकायहरूले अघिल्ला वर्षहरूमा प्रकाशन गरेका प्रतिवेदनहरूमार्फत नेपालले क्रमशः सुधार गरिरहेको निचोडसहितका आँकडा बाहिर ल्याएका छन्। नेपालमा व्यवसाय गर्ने वातावरण सुधार भएको, शिक्षा, स्वास्थ्य एवम् रोजगारीको क्षेत्रमा सकारात्मक परिवर्तन भएको, अपराधका घटनामा कमी आई सामाजिक सुरक्षाको वातावरण निर्माण हुँदै गएको लगायतका तथ्य ती प्रतिवेदनहरूमा समेटिएका छन्।

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ र आम्दानीलगायत अन्य आर्थिक सामाजिक पक्षहरूको स्थिति समेटेर संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले प्रकाशित गरेको मानव विकास प्रतिवेदन, २०२० ले नेपालको सूचकाङ्क ३ वर्षको अवधिमा ५.३ प्रतिशतले वृद्धि भएको

उल्लेख गरेको छ। यस सूचकाङ्कले कोभिड-१९ को महामारीबिच पनि नेपालमा गरिबी नबढेको सङ्केत गर्दछ।

संयुक्त राष्ट्रसङ्घकै विकास नीति समिति (कमिटी फर डेभलपमेन्ट पोलिसी) ले विकासोन्मुख मुलुकबाट स्तरोन्नति हुनका लागि निर्धारण गरेका आर्थिक जोखिम (२८.४ बाट २४.२), मानवीय सम्पत्ति (७१.२ बाट ७५) र प्रतिव्यक्ति आम्दानी (अमेरिकी डलर ८८७ बाट अमेरिकी डलर १,०९७) मा यस अवधिभित्र उल्लेखनीय सुधार भएको छ। यसरी आर्थिक जोखिम र मानवीय सम्पत्ति सूचकाङ्कका आधारहरू पूरा भइसकेको र प्रतिव्यक्ति आम्दानीसम्बन्धी सूचकमा समेत निकै सुधार भएकाले अर्को वर्षदेखि नेपाल अति कम विकसित मुलुकको स्तरबाट विकासशील मुलुकका रूपमा स्तरोन्नति हुने अवस्थामा पुगेको छ।

भूकम्पपछि क्षतिग्रस्त **दशरथ रङ्गशाला**को पुनर्निर्माण यसै अवधिमा सम्पन्न भएको छ। पोखरामा नयाँ रङ्गशाला निर्माण गरिएको छ। १३ औँ दक्षिण एसियाली खेलकुदको सफल आयोजनामात्रै भएन, ५१ स्वर्णसहित २ सय ७ पदक हासिल गरी नेपालले आफूलाई दक्षिण एसियामा भारतपछि दोस्रो स्थानमा उभ्याउन सफल भएको छ।

**शीत लहर र चिसो**बाट कठ्याङ्ग्रिएर नागरिकको मृत्यु हुन नदिने सरकारको प्रतिबद्धता यस अवधिमा प्रभावकारी भएको छ।

'**कोही भोकै पर्दैन, भोकले कोही मर्दैन**' भन्ने सङ्कल्प व्यवहारमा लागु भएको छ। अहिले हाम्रा सहर सडक बालबालिका र माग्ने तथा सडक मानवमुक्त सहर भएका छन्।

सरकारलाई नीतिगत रूपमा आवश्यक फिडब्याक दिन स्वायत्त थिङ्क ट्याङ्क संस्था- '**नीति अनुसन्धान प्रतिष्ठान**' स्थापना गरिएको छ।

## जारी रहेका हाम्रा अभियान

पाँच वर्षको अवधिमा मुलुकमा थप परिवर्तनको अनुभूति गराउन कतिपय रूपान्तरणकारी कार्यक्रमहरू घोषणा गरिएका थिए। ती कार्यक्रमहरू जारी कार्यक्रमको सूचीमा रहेका छन्। तीमध्ये केही अहिले कार्यान्वयनको क्रममा छन्, केही भने नीतिगत र प्रक्रियागत तयारीकै क्रममा रहेका छन्।

काठमाडौँ उपत्यकालगायत सबै प्रदेशमा सङ्घ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको समेत संलग्नतामा सार्वजनिक यातायातको रूपमा **'विजुली बस'** सञ्चालनको लागि सङ्घको १ अर्ब लगानीमा साझा यातायातले बस खरिद प्रक्रिया सुरु गरेको छ। यातायात क्षेत्रमा 'सिन्डिकेट' अन्त्य गरी वैज्ञानिक ढङ्गले सार्वजनिक यातायात सेवा दिन '**काठमाडौँ उपत्यका सार्वजनिक यातायात प्राधिकरण**' गठन गरिएको छ।

सरकारले नेपालमा **रासायनिक मल कारखाना स्थापना गर्ने** सम्बन्धमा गृहकार्य गरिरहेको छ। मन्त्रिपरिषद्ले अर्थ, कृषि र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रहनुभएको उच्चस्तरीय समूहलाई यस सम्बन्धमा अध्ययन गर्ने जिम्मा लगाएको छ। साथै, अर्थ, कृषि र उद्योग सचिव रहेको कार्यदलले यससम्बन्धी प्रारम्भिक अध्ययन गरी मस्यौदा प्रतिवेदन तयार गरिरहेको छ।

कोरोना महामारीका कारण रोकिएको काठमाडौँको चक्रपथ सुदृढीकरण र विस्तारको दोस्रो र तेस्रो चरणको कार्य छिट्टै सुरु हुँदैछ। बाहिरी चक्रपथ निर्माण योजनाको आवश्यक काम भइरहेको छ।

जयनगरदेखि बिजलपुरासम्म नेपालको आफ्नै रेल सञ्चालन हुने चर्चा गतवर्ष पनि गरेको थिएँ। आज म दोहोऱ्याउन चाहन्छु – गतवर्षको मेरो त्यो भनाइ सार्थक हुँदैछ। रेल सञ्चालनमा आउँदैछ।

एसियाली राजमार्गको स्तरमा पूर्व-पश्चिम राजमार्गलाई चारदेखि ६ लेनमा स्तरोन्नति गर्ने र मदन भण्डारी राजमार्ग समयमै सक्नेगरी काम अगाडि बडाइएको छ।

**यसै अवधिमा सुरु गर्न खोजिएका विभिन्न कार्यक्रमहरू**

- **विद्युतीय रेलमार्ग** : पूर्व-पश्चिम रेल, रसुवागढी-काठमाडौँ-पोखरा-लुम्बिनी रेल, बीरगञ्ज-काठमाडौं रेल
- **सुरुङ्मार्ग** : नागढुङ्गा- नौबिसे सुरुङ, बेत्रावती-स्याफ्रुबेसी सुरुङ, टोखा-छहरे सुरुङ, सिद्धबाबा सुरुङ, थानकोट-चित्लाङ सुरुङ, काठमाडौँ-हेटौँडा सुरुङ, खुर्कोट-चियाबारी सुरुङ र फेदीखोला-नयाँपुल सुरुङ।
- **पानीजहाज तथा जल परिवहन :** कोलकता-साहिबगञ्ज-कालुघाट-नेपाल जल यातायात
- **विद्युत प्रसारण लाइन :** ४ सय केभी क्षमताका गल्छी-रसुवागढी-केरुङ अन्तरदेशीय विद्युत प्रसारण लाइन, लप्सेफेदी-रातमाटे-दमौली-हेटौँडा-पाल्पा-बुटवल प्रसारण लाइन
- **अप्टिकल फाइबर :** डिजिटल नेपाल कार्यक्रमसँग जोडिएका सबै प्रदेशमा विस्तार गरिने अप्टिकल फाइबर
- **अन्य** : मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलगायतका विश्वविद्यालयहरू, ठ्ला औद्योगिक क्षेत्र र ठुला जलविद्युत परियोजनाहरू

**अन्त्यमा,**

प्रस्तुत कामको फेहरिस्त हामीले गरेका सम्पूर्ण कामको विवरण होइन, मोटामोटी जानकारीमात्रै हो। प्राप्त उपलब्धिहरूको आधारमा पनि नेपाल बन्छ र बनाउन सकिन्छ भन्ने मेरो आत्मबल अझै दृढ भएको छ।

जुन आर्थिक वर्षलाई मैले समृद्धिको आरम्भ वर्षको रूपमा प्रस्तुत गरेँ, त्यसै वर्ष म बिरामी परेँ। जुन वर्ष विकासका कामलाई हामीले तीव्रताका साथ अघि बढाउनु थियो, त्यसै वर्ष कोभिड-१९ को महामारीले हामीलाई पनि अत्यायो। जतिखेर राष्ट्र एक भएर महामारीका विरुद्ध जुध्नु पर्ने थियो, त्यही समय मेरा सहकर्मीहरू सरकार कसरी ढाल्ने भन्ने 'उद्यम' मा ज्यानै फालेर लाग्नुभयो। यसले निश्चय नै हाम्रा सफलता र सपनामाथि प्रहार भएको छ। नकारात्मक प्रचारबाजीका बाबजुद यी तीन वर्षमा जे जति आधार बनेका छन्, जति काम भएका छन्, मुलुकले निराश हुनुपर्ने अवस्था छैन भन्ने म ठादन्छु। सत्य निर्मम हुन्छ र सत्य यही हो।

◆